का.जि.प्र.का.द.नं. १००/०५९/६०
१३ साउन २०८०,
शनिबार
29 July 2023,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक


ईपेपर हेर्न

वर्ष २१, अंक १८४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# देशभर फैलियो लम्पी स्किन

## ५० हजार पशु मरे

प्रभावित पशुको उपचारका लागि संघ, प्रदेश र स्थानीय तहबाट औषधिको व्यवस्थासहित प्राविधिक परिचालन गरिएको छ । खोप आपूर्तिका लागि आयात अनुमति प्रदान गरिएको छ ।




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ साउन ।

देशभर गाईवस्तुमा लाग्ने रोग 'लम्पी स्किन' फैलिएको छ । पशु सेवा विभागका लम्पी स्किन रोगबाट ५० हजार पशु मसिरकेका छन् । विभागको पछिल्लो तथ्यांकअनुसार, कोशी प्रदेशमा ५ हजार ४२, मधेसमा १ हजार ७ सय, वाग्मतीमा ३ हजार ४७६, गण्डकीमा २ हजार २९५, लुम्बिनीमा ४ हजार, कर्णालीमा ८ हजार ७०३ र सुदूरपश्चिममा २५ हजार ६१० पशु मसिरकेका छन् ।

विभागका अनुसार देशभर कुल १० लाख ८८ हजार पशु संक्रमित भएका थिए । त्यसमध्ये ७ लाख ८९ हजार निको भए । २ लाख ४८ हजार संक्रमित अवस्थामा छन् । ५० हजार ८२६ गाईगोरु, बाच्छाबाच्छी, राँगाभैंसी तथा पाडापाडी मरिसकेका छन् । विभागका अनुसार प्रभावित पशुको उपचारको लागि संघ, प्रदेश र स्थानीय तहबाट औषधिको व्यवस्थासहित प्राविधिक परिचालन >>> पृष्ठ २ मा

## अनुमान गरेभन्दा बढी फैलियो : प्रधानमन्त्री

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड लम्पी स्किन रोगलाई धेरै हदसम्म रोक्न प्रयास गरिएको बताउँछन् । इटालीबाट फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरुसँग कुरा गर्दै प्रचण्डले यस्तो बताएका हुन् ।

'लम्पी स्किनको बारेमा क्याबिनेटमा र मन्त्रालयमा लगातार छलफल गरी राखेका छौं । धेरै हदसम्म रोक्न प्रयास गरिएको छ । यो रोग हामीले अनुमान गरे भन्दा बढी फैलियो' प्रचण्डले भनेका छन् । उनी अगाडि भन्छन्, 'सरकारको तर्फबाट निदानका निम्ति भरपुर प्रयास भएको छ । हजारौं गाईहरु भ्याक्सिनबाट उपचार प्रक्रियाद्वारा सन्चो भएका छन् । हामी सबै पक्ष मिलेर निदान गर्न अझै मेहनत गर्नुपर्छ ।'

नेपालमा पहिलो पटक २०७७ असार महिनामा मोरङको सुन्दरहरैचा नगरपालिकाका गाईगोरुमा रोग देखा परेको थियो । यसपटक रोगबाट कर्णाली, सुदूरपश्चिम, लुम्बिनी र कोशी प्रदेशका पहाडी क्षेत्रका पशु बढी प्रभावित भएका छन् ।



## प्रदर्शनमा किसान

लम्पी स्किनबाट पशुधनको क्षति भएको विषयमा सरकारको ध्यानाकर्षण गराउन देशका बिभिन्न क्षेत्रमा किसानले प्रदर्शन गरेका छन् । लम्पी स्किन रोगका कारण देशभर ठूलो संख्यामा पशुधनको क्षति हुँदा समेत सरकारले प्रभावकारी रुपमा नियन्त्रणका लागि प्रयास नगरेको भन्दै किसानहरुले शुक्रबार दाङमा दुई घण्टा राजमार्गमा चक्काजाम नै गरे । अखिल नेपाल किसान महासंघको >>> पृष्ठ २ मा




चट्याङको समयमा सतर्क रहौं ।

चट्याङबाट बच्ने उपाय:

- बिजुली चम्केको बेला सतर्कता अपनाउने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, त्र चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झयालढोका बन्द गरेर सुरक्षा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा प्रवेश गर्ने, सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कामचलाउ मुख्यमन्त्रीमै अलमल

त्यसो त संविधानले सरकारको नेतृत्व रिक्तताको परिकल्पना गरेको छैन । यस्तो अवस्थामा कामचलाउ मुख्यमन्त्री हुनैपर्ने थियो । तर अन्योलता कायमै छ । अन्योलतामा दलहरुले आफ्नो तरिकाले ब्याख्या गरिरहेका छन् ।





**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १२ साउन ।

कोसी प्रदेशमा नयाँ सरकार गठनका लागि आह्वान भएको छ । प्रदेश प्रमुख परशुराम खापुङले शुक्रबार दिउँसो बहुमतको सरकार गठनका लागि दाबी पेस गर्न दलहरूलाई आह्वान गरेका हुन्

सर्वोच्च अदालतले बिहीबार यसअघिका मुख्यमन्त्री उद्धव थापाको नियुक्ति बदर गर्दै एक साताभित्र नयाँ सरकार गठन गर्न परमादेश दिएको थियो । सोहिअनुसार प्रदेश प्रमुखले दलहरुलाई बहुमत पुऱ्याएर १६ साउन साँझ ५ बजेसम्ममा नयाँ सरकार गठनका लागि दाबी पेस गर्न आह्वान गरेका हुन् ।

तर, प्रदेश प्रमुख परशुराम खापुङले काम चलाउ मुख्यमन्त्री को हो भन्ने विषयमा केही पनि बताएका छैनन् । प्रमुख परशुराम खापुङले नतोकिदिदा कोशी प्रदेशको कामचलाउ मुख्यमन्त्री को भन्ने अन्योलता कायमै छ । यसमा प्रदेश प्रमुख परशुराम खापुङले पनि कुनै निर्णय नदिएसम्म यो अन्योलता कायमै रहनेछ ।

सर्वोच्च अदालतले पनि मुख्यमन्त्री उद्धव थापाको नियुक्त बदर गऱ्यो तर थापा अगाडिका मुख्यमन्त्री हिक्मत कार्की काम चलाउन मुख्यमन्त्री हो वा होइन केही भनिदिएन । यस्तो अवस्थामा कामचलाउ मुख्यमन्त्री को हुने भन्ने सन्दर्भमा अन्योलता भएको हो ।

त्यसो त संविधानले सरकारको नेतृत्व रिक्कताको परिकल्पना गरेको छैन । यस्तो अवस्थामा कामचलाउ >>> पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## युरोपेली मुलकको नाममा ठगी धन्दा मौलाउँदो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ साउन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीका लागि झुटो प्रलोभनमा पारेर ठगी गर्ने क्रम बढेकाले सचेत हुन आग्रह गरेको छ। विगत एक वर्षयता माल्टा, रोमानिया, पोल्याण्ड, पोर्चुगललगायत पूर्वी युरोपेली मुलकमा आकर्षक सेवा सुविधाको प्रलोभन देखाएर लाखौं ठगी भइरहेको छ ।

प्रहरीले ठगीमा संलग्नहरूलाई दैनिकरूपमा पक्राउ गरी वैदेशिक रोजगार विभागको जिम्मा लगाउने गरिरहेको छ । शुक्रबार एक विज्ञप्ति जारी गर्दै मन्त्रालयले अनधिकृत व्यक्ति वा संस्थाले सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा राखेको सूचनामा विश्वास नगर्न आग्रह गरेको छ। मन्त्रालयले वैदेशिक रोजगारका नाममा स्वदेश वा विदेशमा हुने ठगी नियन्त्रण गर्न प्रहरी, रोजगार कार्यालय तथा मन्त्रालयमा खबर गर्नसमेत आग्रह गरेको छ ।

युरोपेली मुलुकमा रोजगारीका नाममा अनधिकृत व्यक्तिहरूले विभिन्न प्रलोभनमा ठगी गरिरहेकोबारे सूक्ष्म अध्ययन गरिरहेको भन्दै प्रलोभनमा नपर्नसमेत मन्त्रालयले आग्रह गरेको छ।

मन्त्रालयले इजाजतपत्र प्राप्त संस्था, सरकारीस्तर (जीटुजी) सम्झौता र व्यक्तिगत श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जान सकिने व्यवस्था गरिएको भन्दै वैदेशिक रोजगारका समग्र चरणहरूको अध्ययन गर्नसमेत आग्रह गरेको छ ।

मन्त्रालयले म्यानपावर कम्पनीमार्फत वैधानिक तरिकाबाट वैदेशिक रोजगारीमा जाँदासमेत कामको विवरण, रोजगारदाताले तोकेको सेवा शुल्क र फ्रि भिसा फ्रि टिकटको प्रावधान, तलब, सेवा सुविधालगायतका विषयमा जानकारी लिइ आवश्यक सीप तालिम लिएर जानुपर्ने बताएको छ । सीप तालिम सम्बन्धमा तालिम प्रदायक संस्थामा आफैं उपस्थित भएर जानकारी लिन वा वैदेशिक रोजगार विभागबाट बुझ्नुपर्ने मन्त्रालयको सुझाव छ।

युरोपेली मुलुकमा नेपाली कामदारका लागि अनुकूल हुने रोजगारी रहेको तर त्यहाँ रहेका नेपाली दूतावास वा कुटनैतिक नियोगहरूले मागपत्र प्राणीकरण नगर्दा संस्थागतरूपमा नेपाली जान नपाइ व्यक्तिगतरूपमा जाने गरेको भन्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघले ठगीमा एजुकेसन कन्सल्ट्यान्सीहरू पनि जोडिएकाले गृह मन्त्रालयले ध्यान दिनुपर्ने माग गर्दै आएको छ ।

### कार्यकर्तालाई ओलीको ढाडस

## 'हामी फेरि जित्नेछौं'



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १२ साउन ।

गत मंसिरको चुनावबाट लोकप्रिय मत हासिल गरेको दाबी गर्दै आएका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले शुक्रबार आयोजित एक कार्यक्रममा आफ्ना पूर्ववत: अभिव्यक्ति खण्डित हुने गरी बोलेका छन् ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले कार्यकर्तालाई उच्च मनोबलका साथ खटिन निर्देशन दिएका छन् । जनसंगठनका नेताहरुको कार्यक्रमलाई शुक्रबार सम्बोधन गर्दै ओलीले फेरि एमाले उठ्ने ढाडस दिए । यसअघि ओलीले गत चुनावबाट एमालेले लोकप्रिय मत पाएको दाबी गर्दै आएका थिए ।

तर अगुवा नेताहरुसँग भने ओलीले आफ्नो दाबी खण्डित हुनेगरी अभिव्यक्ति दिए । 'हामी जेलमा हुँदा गीत गाउँथ्यौं, एक दिन जित्नेछौं' ओलीले भने, 'अहिले हामीले त्यसो भन्नु पर्दैन । पटकपटक जितेका छौ ।' पटकपटक जितेको पुष्टि गर्न अध्यक्ष ओलीले नेपालको आधुनिक राजनीतिक इतिहास नै सम्झिएका थिए । १९९७ साल यताको राजनीतिक घटनाक्रमको व्याख्यासहित ओलीले एमाले फेरि उठ्ने आधार प्रस्तुत गरेका थिए ।

धर्मभक्त, गंगालाल, पुष्पलाल, गणेशमान सिंहदेखि रामप्रसाद राई समेत सम्झदै ओलीले एमालेसँग बलियो बिरासत भएको सम्झिएका थिए । 'आफ्नै सामर्थ्य र तागतले लडेको नेताहरुको लिगेसी एमालेसँग छ' ओलीको भनाइ थियो, 'पूर्वमा रामप्रसाद राईदेखि केआईसिंहहरुले घरेलु >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१३ साउन २०८०, शनिबार
29 July 2023, Saturday

# ‘श्रमजीवी पत्रकारका पक्षमा कानूनी लडाईं लड्छौं’

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ साउन



नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष रमेश विष्टले महासंघले श्रमजीवी पत्रकारका पक्षमा दबावमूलक र कानूनी लडाईं लड्ने बताएका छन् ।

शुक्रबार महासंघमा श्रमजीवी पत्रकारहरुका समस्याको समाधान गर्ने विषयमा भएको अन्तरक्रिया कार्यक्रममा बोल्दै उपाध्यक्ष्य विष्टले पछिल्लो समय श्रमजीवी पत्रकारले पाउने न्यूनतम पारिश्रमिक नपाएको उजुरीहरु बढ्न थालेपछि महासंघ बाध्यात्मक लडाईं गर्ने पक्षमा पुगेको बताए । उनले यहि साउन २१ गते श्रमिकका मुद्दा सम्बोधनका लागि प्रेस रजिस्ट्रार माग गर्दै ज्ञापन पत्र बुझाउने बताए । उनले भने, ‘ माग सम्बोधन नभए २६ साउनमा श्रम कार्यालयमा ज्ञापन पत्रसहितको धर्ना बस्छौं ।’ त्यसपश्चात सूचना तथा श्रम प्रतिष्ठानसँग छलफल गरी निष्कर्षमा नपुगिए भदौ १ गते प्रतिष्ठान घेराउ गर्ने उनले बताए । योसँगै महासंघको श्रम डेस्कले परिश्रमिकका लागि वार्तासहितको संवाद र कानूनी कदम चाल्ने उपाध्यक्ष्य विष्टको भनाइ छ । अन्तरक्रियामा महासंघका महासचिव रोशन पुरीले श्रमजीवी पत्रकारका विषयमा राज्यले पक्षपात गरेको गुनासो गरे । पत्रकारले पाउने न्यूनतम पारिश्रमिकको विषयमा सवाल उठिरहँदा सरकार मौन रहेको उनको भनाइ छ। उनले पत्रकारका लागि छुट्याइएको रकम अन्य क्षेत्रमा प्रयोग हुने गरेको धारणा राखे ।

श्रमजीवी पत्रकार महासंघका अध्यक्ष जन्मदेव जैशीले श्रमजीवी पत्रकारका समस्यालाई नीतिगत रूपमा लैजानुपर्नेमा जोड दिए । महासंघ मात्र नभई सरकारका चारै पक्षले यसमा गहन रूपमा सोच्नुपर्ने उनको भनाइ छ । सञ्चारमाध्यम सेवाको भावना नभएर व्यवसायिक रूपमा चलिरहेको उनको भनाइ छ । यस्तै पत्रकार महासंघका पूर्वअध्यक्ष डा.सुरेश आचार्यले महासंघले तत्कालीन मुद्दामा मात्र केन्द्रित भएका कारण पत्रकारले पाउने न्यूनतम पारिश्रमिकको समस्या समाधान नभएको बताए । उनले यसको दीर्घकालीन उपाय खोज्नुपर्ने बताए । व्यक्तिगत स्वार्थका लागि सञ्चार माध्यम चलिरहेकाले यसलाई हटाउन सञ्चारमाध्यमलाई संस्थागत गर्नुपर्ने उनको भनाइ छ ।

उनले एकै पटकमा सबै पक्षलाई सुधार्न नसकिने बताए । उनले भने, ‘ नीति सबैमा लागू गर्छु भन्ने सिद्धान्त भनेको कसैमा लागू नहुनु हो । त्यसकारण सञ्चार माध्यमका समस्या मेटाउन राष्ट्रिय, प्रादेशिक र स्थानीय गर्दै क्रमबद्ध रूपमा नियम लागू गर्नुपर्छ ।’ यसैगरी राजधानी दैनिकका संवाददाता ईश्वर विश्वकर्माले आफू दलित भएकै कारण कामबाट बाहिरिन पुगेकोमा दुःख व्यक्त गरे । श्रमजीवी पत्रकारको मुद्दाबारे आवाज उठाएको भनी कामबाट निकालिएको उनको भनाइ छ ।

कार्यक्रममा समाजवादी प्रेस संगठनका केन्द्रीय अध्यक्ष विश्वमणि सुवेदी, पत्रकार महासंघ सप्तरी शाखाकी उपाध्यक्ष मिरा दाहाल, प्रेस काउन्सिलका सदस्य रामप्रसाद दाहललगायतका पत्रकारले श्रमजीवी पत्रकारका मुद्दामा आफ्नो विचार राखेका थिए ।

# पहिरोले लघु जलविद्युतको मुहान भत्किँदा गाउँ नै अन्धकार

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १२ साउन



लगातारको वर्षाका कारण गएको पहिरोले २६ किलोवाटको लघु जलविद्युतको मुहान पूर्णरुपमा भत्किँदा गाउँ नै अन्धकार बनेको छ। हुम्लाको सिमकोट गाउँपालिका वडा नम्बर-८ स्याडामा रहेको गारघट्टे लघु जलविद्युतको मुहान, नहर र ग्याबिन लगातारको वर्षाका कारण क्षति पुगेको हो । पहिरोका कारण जलविद्युत बन्द हुँदा गाउँ नै अन्धकार बनेको सोहि वडाका वडाअध्यक्ष कमल बहादुर बुढाले बताए । अध्यक्ष बुढाका अनुसार यहि साउन ११ गते परेको अविरल वर्षाका कारण १५ मिटर लामो ग्याबिन हालेको नहरमा पूर्ण रुपमा क्षति पुगेको छ । जसले गर्दा २ सय ५५ घरधुरी अन्धकार बनेको छ भने स्थानीय सल्लाको दिवाले बालेर बस्न बाध्य छन् ।

तीन महिना अगाडि पनि पावर हाउसको भवन सोहि खोलाले पूर्णरूपमा क्षति पुऱ्याएको थियो । तीन महिना नपुग्दै पहिरोले पुनः क्षति पुऱ्याएको स्थानीय पुन नुर्वु बुढाले बताए । गाउँमा विद्युत सेवा अवरुद्ध हुँदा पुरै गाउँ नै अन्धकार बनेको छ। जलविद्युतको नहर पहिरोले बगाएपछि विद्यालय र स्वास्थ्य संस्थासँगै पुरै बस्तिलाई नै समस्या भएको स्थानीय रामजन बुढाले बताए । विद्युत सेवा बन्द हुँदा गाउँमा सञ्चालित इन्टरनेट सेवा पनि बन्द भएको छ। पहिरोले खोनेपानीको इन्टेक, सिँचाई कुलो र खेतहरु पनि बगाएर क्षति पुऱ्याएको र खोला साइडको खेतियोग्य जमिन पनि उच्च जोखिममा परेको स्थानीयको भनाइ छ । गाउँलाई उज्यालो बनाउन गाउँपालिकाले छिट्टै मर्मत गर्नुपर्ने स्थानीयको माग छ ।

# उदयपुरमा ५२ प्रतिशत धान रोपाइँ सम्पन्न

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १२ साउन



उदयपुरमा ५२ प्रतिशतमात्र धान रोपाइँ सकिएको छ । चैते धान पाक्ने समय लम्बिएको तथा वर्षा नएर रोपाइँमा ढिलाइ भएका कारण हालसम्म ५२ प्रतिशतमात्र धान रोपाइँ भएको हो ।

कृषि ज्ञान केन्द्र उदयपुरको साउन ३ गतेसम्मको तथ्यांकले धान रोपाइँ हुने जमिन १४ हजार ९ यय ३४ हेक्टर क्षेत्रफलमध्ये १३ हजार ३ सय ८० हेक्टर क्षेत्रफलमा मात्र धान रोपाइँ सकिएको देखाएको छ। जुन ५२ प्रतिशतमामात्र हो ।

ढिलो र कम वर्षात तथा चैते धान पाक्ने समय लम्बिँदा बर्खे धान रोपाइँमा ढिलो हुने गरेको कृषि ज्ञान केन्द्र उदयपुरका निमित्त प्रमुख योगेन्द्र यादवले बताए । यादवका अनुसार समथर भूभागमा चाँडै धान रोपाइँ हुने गरेको छ। ग्रामीण तथा पहाडी भेग ताप्ली, लिम्चुङ्बुङ, उदयपुरगढी गाउँपालिकाका विभिन्न ठाँउहरुका धान रोपाइँ ढिला भएको बताउँदै उनले भित्री मधेश बेलका, कटारी, त्रियुगा, चौदन्डीगढी नगरपालिकाका समथर भू-भागमा ७० देखि ८० प्रतिशत धान रोपाइँ भएको बताए । जिल्लाको कूल क्षेत्रफल २ लाख ६ हजार ३ सय हेक्टरमध्ये खेतीयोग्य जमिनको क्षेत्रफल २८ हजार १ सय हेक्टर अर्थात ६२.३ प्रतिशत रहेको छ। जिल्लाको धान रोपाइँ हुने कूल जमिन १४ हजार ९ सय ३४ हेक्टर क्षेत्रफलमध्ये १३ हजार ३ सय ८० हेक्टर क्षेत्रफलमा बर्खे धान रोपाइँ गरिएकोमा ४८ प्रतिशत बाँकी रहेको तथा चैते धान १ हजार ५ सय ५४ हेक्टर क्षेत्रफलमा लगाइएको कृषि ज्ञान केन्द्र उदयपुरको वागवानी अधिकृत अनु बिसीले बताइन् । बिसीले गत आर्थिक वर्ष २०७८/७९ मा चैते धान ७ हजार १ सय ५३ मेट्रिक टन, बर्खे धान ५३ हजार ५ सय ५४ मेट्रिक टन उत्पादन भएको बताइन् ।

# नेपालगञ्जमा मनाइयो ५८औं रक्तसञ्चार सेवा दिवस

**पवन जायसवाल/मध्यान्ह**
बाँके, १२ साउन



‘सुलभ, गुणस्तरीय र मर्यादित सेवा, नेपालको रक्तसञ्चार सेवा’ भन्ने मूल नाराका साथ ५८ औं रक्तसञ्चार सेवा दिवस नेपालगञ्जमा मनाइएको छ ।

नेपाल रेडक्रस सोसाइटी प्रादेशिक रक्तसञ्चार केन्द्रद्वारा सेवा प्रवाह सम्बन्धी जानकारी तथा खुला रक्तदान कार्यक्रमको आयोजना गरी दिवस मनाइएको हो । प्रशासन अधिकृत सरिता सिंहद्वारा सञ्चालित नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार व्यवस्थापन समितिका संयोजक राजकुमार वर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आर्थिक वर्ष २०७९/२०८० मा १३ हजार ३ सय ७४ संकलन र १७ हजार ९ सय १५ युनिट रगत वितरण भएको छ । यसैगरी ४ हजार २८ युनिट रक्ततत्व निर्माण र १ सय २४ पटक घुम्ती रक्त संकलन शिविर संचालन भएको कुरा प्रादेशिक रक्तसञ्चार सेवाका वरिष्ठ प्राविधिक अधिकृत उपेन्द्र रेग्मीले जानकारी दिए । नेपाल रेडक्रस सोसाइटी बाँके शाखाका सभापति गोवर्द्धन सिंह सम्झनाले नेपालगञ्ज क्षेत्र मेडिकल हबको रुपमा विकास हुँदै गइरहेकाले दिनप्रति दिन रगतको माग वृद्धि भएको बताए । मानवीय कार्यमा सहयोग गर्ने स्वयंसेवी र संस्थागत रक्तदाताहरुलाई धन्यवाद व्यक्त गरे ।

कार्यक्रममा स्वागत मन्तव्य उप-निर्देशक दोलख बहादुर डाँगीले गरेका थिए । नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेका सल्लाहकार तथा रक्तसञ्चार व्यवस्थापन समितिका सदस्य पवन जायसवल लगायतले आ-आफ्नो विचार राखेका थिए । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाका मन्त्री अजीज अहमद सिद्दिकी, कोषाध्यक्ष राकेशबहादुर श्रीवास्तव, कार्य समिति सदस्य नरेन्द्रकुमार पौडेल, मिन बहादुर मल्ल, सरिता देवी शर्मा ज्ञवाली, यम नारायण महतो, सीता शर्मा पोखरेल, तथा रक्तसञ्चार व्यवस्थापन समितिका सदस्य ओम प्रकाश आजाद, सुनिल सिंह हमाल, वरिष्ठ संगठन विकास अधिकृत निरञ्जना मल्ल, लेखा अधिकृत झविलाल शर्मा, प्रहलाद विश्वकर्मा, रुपन ज्ञवाली, नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेका सचिव भिष्म लोध, होमराज गिरी, रविन्द्र कुमार मिश्र, सुनिता कुमाई, सोम प्रकाश सापकोटा, महेश रानाक्षेत्री, पुनम थापा, सुनिल थापा, केशर सिंह डाँगी, सञ्जय बढही, बैकुण्ठ रेग्मी, पुनम राना, उर्मिला डगौरा, महेश थारु, उर्मिला हमाल जिल्ला र उपशाखा कार्यसमिति पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

## देशभर...

गरिएको छ । खोप आपूर्तिका लागि आयात अनुमति प्रदान गरिएको छ । आगामी आर्थिक वर्षका लागि प्रत्येक स्थानीय तहमा यो महामारी नियन्त्रणका लागि संघीय सशर्त अनुदान अन्तर्गत १ लाखका दरले रकम विनियोजन गरिएको छ ।

## प्रदर्शनमा...

अगुवाई पूर्वपश्चिम राजमार्गको लमहीमा चक्काजाम तथा विरोध प्रदर्शन भएको हो। सरकारलाई दबाब दिन राजमार्गमा चक्काजाम गर्नुपरेको भन्दै महासंघका जिल्ला अध्यक्ष केशव गिरी लम्पी स्किन रोग नियन्त्रणका लागि सरकारले प्रभावकारी कदम चाल्नुपर्ने, किसानलाई मल, बिउ, बिमाको रकम उपलब्ध गराउनुपर्ने लगायतका माग हाफूहरुको रहेको बताउँछन्। दाङमा मात्रै लम्पी स्किन रोगबाट २८ हजार ६७३ पशु चौपाया संक्रमित रहेको पशु सेवा विभागको तथ्याङ्क छ ।

## काम...

मुख्यमन्त्री हुनैपर्ने थियो। तर अन्योलता कायमै छ । अन्योलतामा दलहरुले आफ्नो तरिकाले ब्याख्या गरिरहेका छन् । नेकपा एमालेका संसदीय दलका नेता हिक्मतकुमार कार्की सर्वोच्चको फैसला कार्यान्वयनको विषयमा प्रदेश प्रमुखको तर्फबाट कुनै किसिमको जानकारी आएको आफूलाई प्राप्त नभएको बताउँछन् । कार्की शुक्रबार मात्रै काठमाडौंबाट विराटनगर पुगेका हुन् । उनका अनुसार आफू काम चलाउ मुख्यमन्त्री भएको विषयमा प्रदेश प्रमुखको कार्यालयबाट औपचारिक जानकारी गराउनुपर्ने हुन्छ। कार्कीलाई हटाउँदै थापा मुख्यमन्त्री भएका थिए । तर सभामुखको हस्ताक्षर प्रयोग भएको विषयलाई लिएर सर्वोच्च अदालतले थापा नेतृत्वको सरकार गठन प्रक्रिया नै असवैधानिक रहेको ठहर गरिदिएको हो । सर्वोच्च अदालतले बिहीबार उत्प्रेषण परमादेश गर्दै संविधानको धारा १६८ को उपधारा २ अनुसार प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरुले बहुमत पुऱ्याएर नयाँ सरकार गठनका लागि आफ्नो दाबी पेस गर्नुपर्नेछ । ९३ सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ४७ सांसद आवश्यक पर्छ । सत्ता गठबन्धनसंग ४६ सिट छ। गठबन्धनमा कांग्रेसको २९, नेकपा माओवादीको १२, नेकपा एकीकृत समाजवादीको ४ र जनता समाजवादी पाटीको १ सांसद छन् । प्रदेशसभामा सबैभन्दा ठुलो दल एमालेसंग ४० र राप्रपासंग ६ सिट रहेको छ ।

## कार्यकर्तालाई...

हतियारबाट आन्दोलन अगाडि बढाएका थिए ।’ २००३ सालसम्म मुलुकको प्रगतिशील शक्ति नेपाली कांग्रेस भएपनि २००५ सालदेखि कम्युनिष्ट आन्दोलन अगाडि बढेको थिए । कार्यकर्तालाई ढाडस दिनेगरी २०२८ सालको झापा विद्रोहका बेला सोचे जस्तो सजिलो क्रान्ति सम्पन्न नभएको तर्क गरेका थिए । ‘दश वर्षमै होला भन्ने योजना थियो, तर पक्रेर जेल आएपछि समय लाग्यो’, ओलीले भने । पञ्चायतको अन्त्य पछाडिका राजनीतिक घटनाक्रम उल्लेख गर्दै ओलीले पटकपटक एमालेले जितेका बताए । अर्थात् एमाले पटकपटक पराजित पनि भएको ओलीले कार्यकर्तालाई स्मरण गराए । फेरि एमाले उठ्ने गरेकाले यो चुनावमा हारेपनि अर्को चुनावमा एमालेले एकल बहुमतको सरकार बनाउने दाबी गरे। अरु दलप्रति ओली कडा रुपमा प्रस्तुत भएका थिए । नेपाली कांग्रेसलाई ओलीले माओवादी केन्द्रको ढाकर बोक्ने पार्टीको संज्ञा दिए । ‘माओवादीको ढाकर बोकेर कांग्रेस हिडेको छ, यस्तोमा कठै मात्र भन्न सकिन्छ’, ओलीको भनाइ थियो। कांग्रेसले आफ्नो बलियो पक्ष बिर्सेको पनि बताए । ‘कांग्रेसको दुईवटा कान समातेर प्रचण्ड खुट्टा हल्लाएर हिडेको छ’ ओलीले भने । नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई ओलीले तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कालीन आरोप लगाएका थिए। त्यसबेला एमालेसँग एकता गरेपनि प्रचण्डले पार्टी केन्द्रीय कार्यालय अलग राख्नेदेखि माओवादीको बैठक सधैं राख्ने गरेको ओलीले आरोप लगाए ।

‘नेकपा एमालेकै रकम खाए पिए, सबै गरे। आफ्नो हिसाबकिताब कहिले बुझाएनन्’ ओलीले भने। नेकपा एकीकृत समाजवादीतर्फ लागेका नेताहरुप्रति पनि ओली खनिएका थिए । एमाले पार्टीका तर्फबाट माधवकुमार नेपाल र झलनाथ खनालले सरकारको नेतृत्व गरेपनि पार्टीको इज्जत बढाउने काम नगरेको ओलीको भनाइ थियो ।


## लम्पी स्किन सम्बन्धी जनहितमा जारी सन्देश

- यो एक प्रकारको भाइरस (पक्स समूहको काप्रीपक्स भाइरस)बाट गाईभैंसीमा लाग्ने रोग हो । यो रोग भैंसीहरुमा भन्दा गाईहरुमा बढी देखिन्छ ।
- पहिला अफ्रिकामा सीमित यो रोग सन् २०१२ पछि मध्य पूर्व, दक्षिण युरोप, रसिया, काजकिस्तान हुँदै बंगलादेश र भारतमा पनि केही महिना अगाडि देखा परेको थियो ।
- अहिले नेपालको मोरङ, झापालगायतका पूर्वी क्षेत्रमा यो रोगको लक्षण देखिइ सयौं गाईहरु बिरामी परेको र केही मरेको जानकारी आइरहेको हुँदा सतर्कता अपनाऔं ।

### मुख्य लक्षणहरू:

- कचेरा निकाल्ने, सिंगान बग्ने तथा फिंज धेरै निकाल्ने
- शरीरका विभिन्न भागहरुमा विशेष गरी घाँटी, पछाडिको खुट्टाहरुमा, पेट र थुन वरिपरि सानादेखि ठूला गिर्खाहरु देखिने
- उच्च (१०४ फरेनहाइट वा माथि) ज्वरो आउने
- दुध उत्पादन २५-८०% सम्म घट्न सक्ने
- गर्भ तुहिने तथा बाँझोपना देखिन सक्ने
- मृत्युदर कम भए पनि धेरै पशुहरु (५-४५%) बिरामी हुन सक्ने

### रोग सर्ने मुख्य कारणहरू

- लामखुट्टे, झिंगा, किर्ना आदिको टोकाईबाट
- संक्रमित गाईभैंसीको ओसार पसार र लसपसबाट
- संक्रमित गाईभैंसी र स्वस्थ गाईभैंसीलाई उपचारको क्रममा एउटै सुई प्रयोग गरेमा



### उपचार तथा रोकथाम

- ठोस उपचार छैन ।
- प्राविधिकको सल्लाहमा लक्षण अनुसारको उपचार ।
- खोप (नेपालमा हालसम्म उपलब्ध छैन ।)
- संकमित क्षेत्रबाट गाईभैंसीको ओसारपसार नियन्त्रण ।
- लामखुट्टे, भिंगा, किर्ना आदिको नियन्त्रण र गोठ वरिपरिको वातावरण सफा राख्ने ।

**फालेलुङ गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय**
**थकेपुङ, पाँचथर**
**कोशी प्रदेश, पाँचथर, नेपाल**



## "ABSOLUTELY ZERO COST RECRUITMENT Opportunity for Malaysia!!
## शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर

"Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food, Free Accommodation, and Transportation during recruitment process. The Employer will bear the entire costs related to the recruitment for candidates that are selected for hiring.
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित ! भर्ती प्रक्रियामा निशुल्क आवास, खाना तथा यातायात१ रोजगारदाताले छनौटमा परेका आवेदकहरुको भर्तीसम्बन्धि सम्पूर्ण खर्चहरु ब्यहोर्नेछ ।

Goodhart Industries Sdn. Bhd. was founded in 1996. The company's line of business includes the manufacturing of plastics products.

**रोजगारदाता कम्पनीः गुडहार्ट इन्डस्ट्रीज एसडिएन बिएचडि (४०२६६०-यु)**
Employer Company : GOODHART INDUSTRIES SDN BHD (402660-U)

पूर्व स्वीकृत मितिः २०२२/०५/२६ | Pre Approval Date: 2022/05/26
चलानी नं: ६०१७९७८१ | Invoice No.: 60179781
एल टि नं : २६३६७६ | LT No.: 263676
पुन विज्ञापन | Re- Advertisment

| सि.नं S.N. | कामदार को पद Worker's Position | माग संख्या Required No's: पुरुष Male | माग संख्या Required No's: महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary: रिङ्गिट MYR | मासिक तलब Monthly Salary: ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | १८७ 187 | 0 0 | आधारभूत अंग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing and speaking basic English | १५०० 1500 | ४३,३९५ 43,395 | कम्पनीको नियम अनुसार As per the company rule | ७.५ घण्टा (रोटेटेड सिफ्ट् बेस) 7.5 Hours (Rotate shift work required) | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

Note: (नोटः)
1. This is an absolutely zero-cost recruitment. Thus, the applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.
१. यो पूर्णतया शुन्य लागत अन्तर्गतको रोजगारी हो । यसकारण, आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ। आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाकोलागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन।
2. All aspiring applicants are requested to attend the pre interview compulsorily (Village Hiring on 6th of August and IMR Office on 7th of August 2023) as only Pre Selected candidates will be entertained for the Final Interview.
२. सबै इच्छुक आबेदकहरुलाई (२०८० साल साउनको २१ गतेका दिन ग्रामीण भर्ना अभियानमा वा २०८० साल साउन २२ गते आइएमआर अफिसमा) पूर्वचयनमा अनिवार्य उपस्थित हुन अनुरोध गरिन्छ । पूर्वचयनित उम्मेदवारहरु मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
3. All applicants will be served on “First Come First Serve” basis.
३. सबै आवेदकहरुलाई पहिलो सेवाग्राहीलाई पहिलो प्रथमिकताका आधारमा सेवा दिइनेछ ।

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/ not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले अन्तर्वार्ताभन्दा एक महिना अगाडि बनेको पासपोर्टको ने.रु.५०००/- का दरले ब्यहोर्ने NPR 5000/- By the Employer (for new passport issued a month before the interview date only) | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

१. ग्रामीण भर्ना अभियानः प्रि-अन्तर्वार्ता होटल क्लासिक प्लाजा, सिमरा, बारामा २०८० साल साउन २१ गते आइतबार हुनेछ ।
1. Village Hiring Campaign: Pre interview will be held at Hotel Classic Plaza, Simara, Bara on 6th of August 2023 i.e., Sunday.
२. प्रि-अन्तर्वार्ता आइएमआर अफिस, ग्वार्कोमा २०८० साल साउन २२ गते सोमबार हुनेछ ।
2. Pre interview at IMR Office premises will be held on 7th of August 2023, Monday.
३. फाइनल अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा मिति २०८० साल साउन २३, २४ र २५ गते, मंगलवार, बुधबार र बिहिबार हुनेछ।
3. Final Interview will be held at IMR Office, Gwarko, Lalitpur on 8th, 9th and 10th August 2023, Tuesday, Wednesday and Thursday.

ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।
International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. IMR is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

यो भर्ती कुनैपनि प्रकारको पूर्वाग्रह वा भेदभाव विना स्वतन्त्ररुपमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ ।
This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination.

अबैध भर्तीकर्ताहरुदेखि सावधान रहनुहोस् / Beware of Illegal Recruiters
कृपया धोखाधडी, अबैध कियाकलाप वा भ्रष्टाचार बिरुद्ध गुडहार्टको स्वतन्त्र पार्टी हटलाइन नं ९७७ ९८०७१९९३२० मा वा ईमेल grievancemdc@gmail.com मा रिपोर्ट गर्न नहिचकिचाउनुहोस् । हामी तपाईको गोप्नीयता सुनिश्चित राख्नेछौं ।
Feel free to report against fraud, illegal activities or corruption in Goodhart's Third-Party Hotline +9779807199320 or email at grievancemdc@gmail.com. We shall maintain your confidentiality.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।
**Information provided by the Department of Foreign Employment (DOFE):** 1. Confirm that visa is issued under your name. 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble. 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement. 4. Before going abroad orientation or induction training should be attended compulsorily. 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same. 6. While going abroad use International Airport of Nepal or else you might be deceived. 7. If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

**International Manpower Recruitment (P) Ltd.**
Gwarko 7, Lalitpur, Nepal, Tel: 01-5204346 | 5204347
Mobile No.: +977 9802325733 | 9818979632 | 9801045628
License No. 309/059/060

## देवदहमा बिहानी र दिवा कक्षाको बहस

# निर्देशनविपरीत गए खारेजीसम्मको चेतावनी

**रेशम अधिकारी/मध्यान्ह**
रुपन्देही, १२ साउन



यतिबेला रुपन्देहीको देवदहमा कक्षा ११ र १२ को कक्षा बिहान सञ्चालन गर्ने कि दिउँसो सञ्चाचालन गर्ने भन्ने विषयले चर्चा पाएको छ। जसमा अधिकांश निजी विद्यालयका सञ्चालक र त्यहाँ पढाउने केही शिक्षकले कक्षा बिहान सञ्चालन गर्नुपर्ने मत राख्दै आएका छन् भने नगरपालिका र अधिकांश सामुदायिक विद्यालय तथा शिक्षकहरूले विद्यालय तहको कक्षा १ देखि १० सम्म दिउँसो सञ्चालन हुने भएकाले ११ र १२ को कक्षा पनि दिउँसो नै सञ्चालन गर्नुपर्ने मत राखेका छन्। यही विषयले केही दिनदेखि समाजिक सञ्जालसमेत तताइराखेको छ। बिहानी सत्रमा ११ र १२ को कक्षा सञ्चालन गर्दा स्वीकृत पाठ्यक्रम, तोकिएको पाठ्यभार, कार्यघण्टा र विषयवस्तुहरू पूरा नहुने भन्दै देवदह नगरपालिकाले ११ र १२ को कक्षा पनि १ देखि १० सम्मको कक्षा झैं दिउँसो सञ्चालन गर्न/गराउन २०७६ असार २७ गते सूचना नै जारी गरेको थियो। जसमा नगरभित्र सामुदायिक एवम् संस्थागत विद्यालयलाई राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार शिक्षण गर्नुपर्ने हुँदा दिवा सत्रमा नै सञ्चालन गर्न निर्देशन दिइएको थियो। तर भौतिक संरचना निर्माण गर्नुपर्ने तर्क विद्यालयले गरेपछि तत्कालका लागि नगरपालिका लचिलो भयो। त्यसपश्चात केही विद्यालय बिहान सञ्चालन भए भने केही दिउँसो सञ्चालन भए। नगरपालिकाको पहिलो निर्देशन कार्यान्वयन गर्ने विद्यालयहरू केरवानी माध्यमिक विद्यालय, प्रगति मावि, भविष्य निर्माण मावि र बुद्ध पब्लिक स्कुल रहेका थिए। तर केही महिनापछि विद्यार्थीको समस्या देखाउँदै बुद्ध पब्लिक र भविष्य निर्माण विद्यालयले पुनः बिहानी सत्रमै कक्षा सञ्चालन गरे। तर नगरबाट न कुनै अनुगमन भयो न कुनै कारबाही। अहिले नगरपालिकाले पुनः ४ वर्षपछि हाल गत असार २१ गते सूचना प्रकाशन गर्दै दिवा सत्रमा कक्षा सञ्चालन गर्न निर्देशन दिएको छ। देवदहमा कक्षा १२ सम्म पढाइ हुने ९ सामुदायिक र ४ निजी गरी जम्मा १३ वटा विद्यालय रहेका छन्। नगरको यो निर्णयपछि एकातर्फ भौतिक संरचना, शिक्षक अभावलगायत कारण देखाउँदै दिवा सत्रको विरोध भएको छ भने अर्कोतर्फ विद्यार्थीले दिवा सत्र पढाए पुरै समय पढ्न पाउने र शैक्षिक स्तरमा सुधार हुने भन्दै समर्थन पनि भएको छ।

**निर्देशनविपरीत गए खारेजीसम्मको चेतावनी**

देवदह नगरपालिकाकाका शिक्षा शाखा अधिकृत टिकाराम शर्माले राष्ट्रिय पाठ्यक्रम प्रारूपले ६ घण्टा अनिवार्य पढाउनुपर्ने ऐन बनाएको र विद्यार्थीले पनि पुरै पाठ्यक्रम पढ्नुपर्ने बताउँदै बिहानी सत्रमा समय अपुग हुने भएकाले दिवा सत्रमा पढाइ सञ्चालनका लागि निर्देशन दिएको बताए। उनले यो निर्णय तत्काल आएको नभइ भौतिक संरचना, शिक्षक व्यवस्थापनलगायतका लागि ३ वर्ष समय दिएर अहिले नगरपालिकाले कार्यन्वयनका लागि निर्देशन दिएको बताए। देवदहका विद्यालयहरूमा माध्यमिक तहको पढाइ दिवा सत्रमा सञ्चालन हुँदा विद्यार्थी बुटवललगायत अन्यत्र अध्ययन गर्न जाने देखिएको र देवदहको शैक्षिक क्षेत्रमा गम्भीर असर पर्ने देखिएको भन्ने आरोप अधिकृत शर्माले ठाडै अस्वीकार गरे। कानूनबमोजिम नगरपालिकाले दिवा सत्रमा कक्षा सञ्चालन गर्ने निर्णय गरेको निर्देशनलाई अटेर गरे अनुमति खारेजीसम्मको कारबाही गरिने अधिकृत शर्माले चेतावनी दिए।

**विद्यालयको आफ्नै समस्या**

देवदह माध्यमिक विद्यालयका प्राचार्य हरिप्रसाद पाण्डेले कक्षा ९ देखि १२ सम्म मावि तहमा पर्ने भनेर सरकारले वर्गीकरण गरिसकेको र सोहीबमोजिम पाठ्यक्रम परिमार्जनसमेत भइसकेकाले दिवा सत्रमा कक्षा सञ्चालन गर्नुपर्ने भएको बताए। तर भौतिक संरचना र दक्ष जनशक्तिको अभावका कारण दिवा कक्षा सञ्चालनमा समस्या भएको उनको भनाइ छ। शिक्षक र कक्षा कोठा अभाव भएकाले कार्यान्वयनमा ल्याउन केही समय लाग्ने उनले बताए। त्यस्तै कक्षा १२ सम्म सञ्चालनमा रहेको देवदहको महामाया भवानी माविले दिवा कक्षा सञ्चालनको तयारी थालेको विद्यालयका प्राचार्य ऋषिश्वर अर्यालले बताए। यसअघि नगरपालिकाको निर्देशनअनुसार दिवा सत्रमा सञ्चालन गर्ने अभ्यास गरिए पनि भौतिक संरचना र जनशक्ति अभावका कारण लागू गर्न नसकिएको उनले बताए। देवदह नगरपालिका शिक्षा समितिका सदस्य समेत रहेका अर्यालले कक्षा कोठाको अभावका कारण पार्किङ क्षेत्र र चमेना गृहलाई खाली गरेर कक्षा कोठा र फर्निचर व्यवस्थापन गरी स्थायीरुपमा दिवा सत्रमा लैजाने तयारी थलिएको बताए।

**छलफल बिना निर्णय गरियोः प्याब्सन देवदह**

त्यस्तै निजी तथा आवासीय अर्गनाइजेशन (प्याब्सन)का अध्यक्ष रामबहादुर गुरुङले नगरपालिकाले नगर शिक्षा नियमावली र कार्यविधि नबनाएर धम्कीको भाषामा निर्देशन दिएको भन्दै असन्तुष्टि व्यक्त गरे। आफूले दिवा सत्र कक्षा सञ्चालनको विरोध नगरेको तर नगरपालिकाले सरोकारवाला निकायसँग छलफल गरेर विद्यालयमा जनशक्ति छ कि छैन, कक्षा कोठालगायत भौतिक पूर्वाधार पर्याप्त छन् कि छैनन् भन्ने विषको अध्ययन गरेर निर्देशन दिनुपर्ने बताए। नेपाल सरकार र सरकार मातहतको पालिकाले गरेको निर्णय मान्नुपर्ने तर हतारमा निर्णय गर्दा प्रतिउत्पादक हुने देवदह मदर टङ्स एकेडेमीका प्राचार्यसमेत रहेका गुरुङको तर्क छ। त्यस्तै सगरमाथा आवासीय माविका प्राचार्य कृष्णप्रसाद पौडेलले शैक्षिक क्षेत्रका विशेषज्ञ तथा सञ्चालकसँग छलफल नगरी बिहानी सत्रको कक्षालाई दिवा सत्रमा लैजाने निर्णय नगरपालिकाले गरेको बताए। अहिले बिहानी, दिवा तथा रात्रिकालीन कक्षासमेत सञ्चालन भइरहेकाले विद्यार्थीले आफूलाई कुन समयमा पढ्न उचित लाग्छ, सोही अनुसार पढ्न पाउनुपर्ने उनको तर्क छ। देवदह नगरपालिकाको वर्तमान शिक्षा समितिका सदस्यसमेत रहेका पौडेलले सबै विद्यालयलाई एउटै डालोमा हालेर निर्देशन दिन नहुने बताए। कुन-कुन विद्यालयमा क्रेडिट आवर पुगेको छैन, ती विद्यालयहरूको अनुगमन गरेर कानूनी दायरामा ल्याउने काम नगरपालिकाले गर्नुपर्ने प्राचार्य पौडेलको भनाइ छ।

**विद्यार्थी र अभिभावकको फरक मत**

एसईई दिएर विद्यालय भर्नाका लागि एक सामुदायिक विद्यालय पुगेका देवदहका नवराज पौडेलले कक्षा ११ दिवा सत्रमा नै हुनुपर्ने धारणा व्यक्त गरे। उनले भने 'बिहानै पढाइ हुँदा सबै विषय पढ्न पाइँदैन। बिहान ६ बजे कक्षा शुरु हुन्छ, १० नबज्दै स्कुलका विद्यार्थी कक्षा बाहिर आइपुग्छन्।' ११ र १२ लाई फरक समयमा पढाउन सके गुणस्तरीय शिक्षा विद्यार्थीले पाउने उनको भनाइ छ। यता विद्यार्थी रोहित सापकोटा भने बिहानी सत्रमा कक्षा सञ्चालन हुँदा दिउँसोमा पार्ट टाइम जागिर खान पाइने भएकाले दिवा सत्र कक्षा सञ्चालन गर्न नहुने बताउँछन्। उनले भने, 'आफ्नो पढाइको खर्चको जोहो आफैं गर्नुपर्छ। बिहानको कक्षा भए पढ्दै कमाउँदै गर्न सहज हुने थियो, तर दिउँसोको कक्षाले गाह्रो होला जस्तो छ।' उनका अनुसार नगरपालिकाको सो निर्णयले विपन्न विद्यार्थी शिक्षाबाट बञ्चित हुने जोखिम बढेको छ। अभिभावक लक्ष्मी पौडेलले सामुदायिक र निजी विद्यालयले वार्षिक २ सय ५० घण्टा कम पढाएर विद्यार्थीको भविष्यमाथि खेलबाड गरेको आरोप लगाइन्। उनले भनिन्, 'नगरपालिकाले धैरै राम्रो निर्णय गरेको छ, विद्यालयहरू चर्को शुल्क लिने तर तोकिएको पाठ्यभारअनुसारको समय नपढाउने, हामीले हाम्रो बच्चालाई भुलाउन होइन शिक्षा आर्जन गर्न पठाएको हो।' बिहानी सत्रमै कक्षा सञ्चालन गर्ने भए क्रेडिट आवर बढाउनुपर्ने र गुणस्तरीय शिक्षा दिनुपर्ने उनको भनाइ छ।

**शिक्षा नीतिमा के छ ?**

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले कक्षा ११ र १२ का लागि वार्षिक २७ पाठ्यघण्टा अर्थात वार्षिक आठ सय ६४ कार्यघण्टा पाठ्यभार तोकेको छ। पाठ्यक्रम विकास केन्द्रले तोकेको समयअनुसार एउटा सत्रमा कम्तीमा ५ घण्टा २० मिनेट पढाउनुपर्ने हुन्छ। तर बिहान पढ्ने विद्यार्थीले ६ बजेदेखि १० बजेसम्म ४ घण्टा मात्र पढ्न पाउँछन्। त्यसमा पनि कक्षा शुरु हुन लाग्ने समय र ब्रेकटाइमको समय छुट्याउँदा पढाइ हुने समय साढे तीन घण्टामात्र रहन्छ। एउटा विद्यालयले दुवै सत्रको पढाइ गर्दा बिहानी सत्रमा पाठ्यभार समय-क्रेटिड आवर पुगेको छैन। शिक्षा महाशाखाले दिवा सत्रमा मात्र पढाइ सञ्चालन गर्न भन्दै २०७८ फागुन २० गते लिखित निर्देशन जारी गर्‍यो। तर पनि केही विद्यालयहरूले कार्यन्वयन गरेको पाइँदैन। सामुदायिक र निजी विद्यालयले वार्षिक २ सय ५० घण्टा कम पढाएर बालबालिकाको भविष्यमाथि खेलबाड हुँदासमेत नियामक निकाय भने मुकदर्शक बन्दै गएको सरोकारवालाहरु बताउँछन्।

# अख्तियारद्वारा भ्रष्टाचारको आरोपमा १२ जनाविरुद्ध मुद्दा दायर



**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १२ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारले मुगु जिल्लाका सात र महोत्तरी जिल्लाका पाँच जना गरी १२ जनाविरुद्ध भ्रष्टाचार गरेको आरोपमा शुक्रबार विशेष अदालतमा मुद्दा दायर गरेको हो। अख्तियारले छायाँनाथ रारा नगरपालिका मुगुका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत ललित जंग मल्लसहित सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारले सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको अभियोगमा छायाँनाथ रारा नगरपालिका मुगुका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत मल्ल, तत्कालीन लेखापाल रुन बहादुर सेजुवाल, कम्प्युटर अपरेटर केशर बहादुर रावल, तत्कालीन इन्जिनियर महेश सिंह कठायत र तत्कालीन असिस्टेन्ट सव-इन्जिनियर हस्त बहादुर मल्लविरुद्ध शुक्रबार विशेष अदालतमा मुद्दा दायर गरेको हो।

उनीहरुले छाँयानाथ रारा नगरपालिका वडा नं. २ मा जिल्ला वन कार्यालयको स्वामित्वमा रहेको कार्यालयको कम्पाउण्डभित्रको जग्गामा अनुमतिसमेत नलिई पार्क निर्माणस्थलको टुंगो नलगाई पार्क निर्माणको लागि डिजाइन, नक्सा र लागत अनुमान तयार गर्न लगाएर स्वीकृत गरी उपभोक्ता समितिलाई ३८ लाख ४७ हजार ५ सय रुपैयाँ पेश्की उपलब्ध गराएको अख्तियारको दाबी छ। जिल्ला वन कार्यालयले अनुमति नदिएकाले सम्झौताबमोजिम पार्क निर्माण हुन नसक्ने अवस्था भएको र निर्मित संरचनाहरुसमेतबाट अपेक्षित प्रतिफल प्राप्त हुन नसक्दा उपभोक्ता समितिलाई भुक्तानी भएको पेश्की फर्छ्यौट नभएको अख्तियारले बताएको छ। उनीहरुविरुद्ध ३८ लाख ४७ हजार ५ सय रुपैयाँ बिगो कायम गरी सोही दफाले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम कैद र जरिवानाको सजाय र सोही ऐनको दफा १७ बमोजिम निजहरुबाट बिगो असुल उपर हुन समेत मागदाबी लिइएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए।

यस्तै अख्तियारले सोही कार्यमा संलग्न निर्माण उपभोक्ता समितिका अध्यक्ष विष्णु बहादुर रावल र कोषाध्यक्ष वसन्ती रावलविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको छ। उनीहरुले सम्झौताबमोजिमको पार्क निर्माणको बाँकी कार्य सम्पन्न गर्न नसक्ने अवस्था हुँदा पनि पेश्की रकम ३८ लाख ४७ हजार ५ सय रुपैयाँमध्ये कार्यबापतको ४ लाख ६५ हजार ८२ रुपैयाँ १६ पैसा कट्टा गरी बाँकी रहेको ३३ लाख ८२ हजार ४ सय १७ रुपैयाँ ८४ पैसा फिर्ता गर्नुपर्नेमा नगरेको अख्तियारले बताएको छ। उनीहरुविरुद्ध ३३ लाख ८२ हजार ४ सय १७ रुपैयाँ ८४ पैसा बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन मागदाबी लिइएको अख्तियारका प्रवक्ता दाहालले बताए। यसैगरी अख्तियारले महोत्तरीको पिपरा गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रंजिता झासहित पाँच जनाविरुद्ध पनि विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारले गैरकानूनी लाभ तथा हानि पुऱ्याई भ्रष्टाचार गरेको आरोपमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत झा, तत्कालीन सव-इन्जिनियर श्याम किसोर मण्डल तथा निर्माण उपभोक्ता समितिका अध्यक्ष नवोनारायण मिश्र, सचिव कमरुल खातुन र कोषाध्यक्ष रतन साहविरुद्ध मुद्दा दायर गरेको हो।

महोत्तरी पिपरा गाउँपालिका वडा नं. १ को एकरहिया कृषि सडक ओलारदेखि खैरबा सडकको पी.सी.सी. ढलान कार्यमा नभए नगरेको कार्यलाई बढी काम भएको नापी किताब तयार पारी बढी मूल्यांकन गरी झुट्टा नापी किताब, भुक्तानी बिल र कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरी उपभोक्ता समितिलाई १ लाख ४८ हजार ९ सय १० रुपैयाँ बढी भुक्तानी दिइएको अख्तियारले बताएको छ। उनीहरुविरुद्ध १ लाख ४८ हजार ९ सय १० रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता दाहालले जानकारी दिए।

# हत्या गरिएको अवस्थामा शव फेला

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, १२ साउन

सप्तरीमा एक युवकको हत्या गरिएको अवस्थामा शव फेला परेको छ भने एक जना गम्भीर घाइते भएका छन्। हनुमाननगर कंकालनी नगरपालिका १० ईनरुवाका १९ वर्षीय तीर्थ नारायण मण्डलको तिलाठी कोइलाडी गाउँपालिका-७ मन्सापुर टोलको दक्षिण भेगमा शव भेटिएको हो।

सप्तरी प्रहरीका अनुसार ज्यान जोगाउन भागेका ईनरुवाकै २० वर्षीय अजय मण्डल भने गम्भीर घाइते भएका छन्। हत्या कसले र किन ? गरेको भन्ने अझै खुल्न सकेको छैन।

उज्यालो भएपछि बाहिर निस्किँदा मण्डलको शव भेटिएको स्थानीयले बताएका छन्। मृतकको काका पर्ने ललन मण्डलले भतिज तीर्थको एक किशोरीसँग प्रेम सम्बन्ध रहेको र सोही कारण हत्या भएको हुन सक्ने आशंका गरे। स्थानीयका अनुसार मृतकको १७ वर्षीया गाउँकै एक युवतीसँग प्रेम सम्बन्ध रहेको थियो। शवको प्रकृति हेर्दा हत्या जस्तो देखिने भएकाले हत्या कसले र किन गरेको ? भन्ने सहजै खुल्न नसकेको प्रहरीले जनाएको छ। हत्यामा संलग्न रहेकाको खोजीका लागि प्रहरीले तालिम प्राप्त केनाइन कुकुर बर्दिबास शाखाबाट ल्याएको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीबाट प्रहरी निरीक्षक प्रमोद खड्काको कमाण्डमा खटिएको टोलीले उक्त घटनाको मुचुल्का उठाइ शवलाई पोस्टमार्टमका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा राखिएको छ। घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# व्यवसायीलाई आवश्यक सामग्री हस्तान्तरण

**अनिष पन्थी/मध्यान्ह**
गुल्मी, १२ साउन

गुल्मीको रेसुङ्गा नगरपालिकाले नगरपालिकाभित्र व्यावसायिकरुपमा मासु व्यवसाय सञ्चालन गर्दै आएका व्यवसायीलाई प्रोत्साहनस्वरुप आवश्यक सामग्री हस्तान्तरण गरेको छ। नगरपालिकाले सोमबार एक कार्यक्रमका बीच १२ जना व्यवसायीलाई मासु व्यवसाय सञ्चालन गर्दा आवश्यक पर्ने एप्रोन, गलब्स, दाउलगायतका सामग्री हस्तान्तरण गरेको हो।

सबै व्यवसायलाई प्रोत्साहन गर्नु नगरपालिकाको उद्देश्य रहेको र सोहीअनुरुप मासु व्यवसाय गरेका व्यवसायीलाई पनि आवश्यक सामग्री दिइएको रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले जानकारी दिए। हस्तान्तरण कार्यक्रममा नगरप्रमुख पन्थीले गुणस्तरयुक्त मासु बेचेर उत्कृष्ट व्यवसायी बन्नसमेत आग्रह गरे। अबका दिनमा व्यवसायलाई परिमार्जन गर्न जरुरी रहेको बताउँदै नगर प्रमुख पन्थीले प्रविधिमैत्री भएर व्यवसायलाई अगाडि बढाउन आग्रह गरे।

नगरपालिकाले व्यवसायीलाई सामग्री किनेर दिने कार्यविधि रहेकाले सोहीअनुरुप मासु व्यवसायीलाई प्रोत्साहनस्वरुप सामग्री हस्तान्तरण गरिएको नगरपालिकाका पशु शाखा प्रमुख रुमाखर मरासिनीले मध्यान्हलाई जानकारी दिए। कृषि र पशुपालनको क्षेत्रमा नगरपालिकाले हरेक वर्ष विभिन्न योजना अगाडि सारेर कृषक एवम् पशु पालन व्यवसायीलाई प्रोत्साहन गर्दै आएको पशु शाखा प्रमुख मरासिनीले बताए।

मासु व्यवसाय सञ्चालन गर्दा आवश्यक सामग्री दिएर नगरपालिकाले प्रोत्साहन गरेकोप्रति आफूहरु धेरै खुसी भएको मासु व्यवसायी नवराज पन्थीले बताए। नगरपालिकाको यस कार्यबाट आफूहरुलाई व्यवसाय गर्न थप प्रेरणा मिलेको व्यवसायी पन्थीको भनाइ छ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०४/१३**

**अभिरुप कन्सर्न प्रा.लि.** (Avirup Concern Pvt. Ltd.) को मिति २०८०/०२/१० गते मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सुवेक्षा इन्टरप्राइजेज प्रा.लि.** (Subekshya Enterprises Pvt. Ltd.) **(प्रा.लि. नं.: २३९३५२)** कायम गर्ने गरी मिति २०८०/०३/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## हकदावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७५/१०/११ मा दर्ता भएको **प्रा.लि. नं. २०७३२२** को **हेमा लिकर्स एण्ड ट्रेडर्स प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०४/१३**

**जनसेवा डेन्टल होम प्रा.लि.** (Janasewa Dental Home Pvt. Ltd.) को मिति २०८०/०२/१० गते मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **साहारा दाँत उपचार केन्द्र प्रा.लि.** (Sahara Daat Upachar Kendra Pvt. Ltd.) **(प्रा.लि. नं.: ९७५१४)** कायम गर्ने गरी मिति २०८०/०२/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?

**यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।**

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
**सम्पर्कः** 01-4958923 / 01-4952044
**मोः** 9741818340 ( WhatsApp/Viber )

## गुर्भाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०४/०९**

यस नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को असार मसान्तसम्म र सो पश्चात कार्यपालिकाको निर्णयानुसार एक वर्षको म्याद थप हुने गरी नेपाल सरकारबाट मान्यता प्राप्त टेण्डर सूचना प्रकाशन गर्न मिल्ने राष्ट्रिय दैनिक पत्रिकामा प्रतिष्पर्धा मार्फत सबैभन्दा छुट कबोल गर्ने फर्म/बिज्ञापन एजेन्सीबाट सूचना प्रकाशन गर्न मिल्ने भएकोले सो सम्बन्धी कार्य गर्ने ईजाजत प्राप्त ईच्छुक विज्ञापन एजेन्सी वा फर्महरुबाट तपसिलको शर्तहरु भित्र रही सिलवन्दी दरभाउपत्र पेश गर्न यो १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ।

**शर्तहरु**

१. सिलबन्दी दरभाउपत्रका साथ राष्ट्रिय वाणिज्य बैक मेहेलकुना शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं ४४८०१००३०१०१००२ मा फिर्ता नहुने गरी रु १००० (एक हजार) दाखिला गरेको सक्कल बैक भौचर सहित क्रमश नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्मदर्ता नविकरणको प्रतिलिपी, स्थायी लेखा नम्बर (प्यान/भ्याट) प्रमाणपत्रको प्रतिलिपि र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ।
२. सिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा बुझाउनुपर्ने भएकोले रितपूर्वक दाखिला भएका दरभाउहरु १६ औ दिनमा दिनको १२ बजे यस कार्यालयमा दरभाउदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। निजको प्रतिनिधिको अनुपस्थितिमा समेत सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
३. सिलबन्दी दरभाउपत्र पेश गर्दा BOQ मा सहि छाप गरी रकम अंक र अक्षरमा स्पष्टसंग उल्लेख गर्नुपर्ने छ। यसरी उल्लेख गरिएको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईने छ साथै सिलबन्दी दरभाउपत्रमा लाहा छाप लगाई पेश गर्नुपर्ने हुन्छ।
४. BOQ को न्यूनतम एक आइटम भर्नुपर्नेछ र नभरेको आइटममा खाली नराखी नभरेको भनी लेख्नुपर्ने छ।
५. सिलबन्दी दरभाउपत्र साथ बिडवण्ड वाफत रु ६०००० (साठि हजार) मात्र यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक मेहेलकुना शाखामा रहेको धरौटी खाता नं ४४८००३०३००००२ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी गरेको सक्कल बिडबण्ड पेश गर्नुपर्दछ र मान्य अवधी ७५ दिनको हुनु पर्नेछ।
६. कारण जनाई वा नजनाई ठेक्का रद्द गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ।
७. यस सूचनामा उल्लेख नभएका अन्य विषयमा प्रचलित ऐन, नियम तथा कानून बमोजिम हुनेछ।
८. अन्य जानकारीको लागि यस नगरपालिकामा सम्पर्क गर्न सक्नुहुनेछ।



स्वच्छन्द विचार

# गुमराह, गुमराह, गुमराह !



■ धनराज गिरी

“दुर्योधन, शकुनी, कर्ण र दुःशासन” द्रौपदीको आँखामा महाशत्रु, पाँच पाण्डवका लागि घातक तत्वहरु, भाष्य नै त्यस्तै बनाइयो, घोकाइयो र हामी साधारण मानिसहरुको मनमा, कथा काल्पनिक भए पनि, त्यही छाप परिरह्यो । यिनीहरु सबै खलनायक नै बनिरहे । ‘दुर्योधन’ नाम मुस्किलले राखिन्छ न्वारनमा । दुःशासन त मैले आजसम्म सुनेको छैन । शकुनी पनि थाहा छैन । के यी पात्रहरु राक्षसै हुन् ? के यिनीहरुमा पनि मानवता थिएन ? दानवै हन् त ? पहिला कर्णका बारेमा कुरा गरौं । त्यतिखेर पनि ‘दलित’ परम्परा रहेछ । कृष्णले अर्जुनलाई सम्झाउने क्रममा श्रम विभाजनको आधारमा ‘ब्राह्मण, क्षेत्री, बैश्य र शुद्र’ भनेकै छन् । महाभारतकालमा नै यो गलत परम्पराको जग बसालिएको रहेछ । वास्तवमा यो भूगोलमा मात्र होइन, मानव सभ्यताको इतिहास पढ्दा ‘मान्छे’ भएकोमा गर्व लाग्दैन । अझै पनि ‘अछूत’ परम्परा जहाँ पनि, कुनै न कुनै रुपमा पाइन्छ । ‘कर्ण’ निःसन्देह अद्भूत पात्र हुन् । उनलाई ठाउँ-ठाउँमा सभ्य पाण्डवहरुले नै ‘सुत पुत्र’ भनेर अपमान गरे । आत्मसम्मानमा चोट लागेपछि मान्छे घायल बाघ हुन्छ । अर्को कुरा, कृष्णले पनि जालसाजी गरे द्रौपदीको स्वयम्बरमा । कृष्णकै इसारामा पान्चाली बटारिइन् । त्यो ‘निषेध’को अपमानको अदृश्य घाउ पनि कर्णको मनमा थियो होला । उता “अन्धाको छोरो अन्धो” यसले पनि द्रौपदीलाई जुवा घरसम्म पु¥यायो । कहानी रोचक बनाएकै हो ।

यिनै कारणहरुले गर्दा कर्णले पनि जीवनमा पहलो र अन्तिम भूल गरे पान्चालीलाई पनि कर्णले वेश्या भनेका थिए । अब शकुनीको पालो । शकुनीलाई शकुनी बनाएको पितामह भीष्मले हो । धृतराष्ट्रलाई गाान्धारीको अयोग्य मान्थे शकुनी, तर भीष्मको शक्ति अजेय, कहानीअनुसार । यता विदुरको वाक पटुताको शिकार बने धृतराष्ट्र, आखिर धृतराष्ट्र नै राजा भए त, पहिले नै बन्न दिएको भए कहानी अर्कै हुने थियो । हस्तिनापुर र इन्द्रप्रस्थ बन्ने नै थिएन ।

विशाल भारत तीन टुक्रा भएर कसलाई फाइदा भएको छ, अहिले पनि । देश जति ठूलो हुन्छ आम जनतालाई त्यति नै बढी राहत हुने सम्भावना हुन्छ । महाभारतको त्यो अकल्पनीय युद्धको एक कारण, खास कारण, राजा शान्तनु हुन् । भीष्म प्रतिज्ञा हो । त्यति ठूलो राजा एउटी युवतीको मायाजालमा फस्ने ? देवब्रत नै राजा भएका भए कुरा अर्कै हुने थियो । ‘पुत्रमोह’ मात्र होइन ‘पितामोह’ले पनि कुरुक्षेत्र र शरशैयाँसम्म पु¥यायो पितामहलाई । निर्दोषहरु बाध्य भएर दोषी भए । महाभारतमा हरेक पात्र विवश । अब दुःशासनको पालो, दुःशासनको दाजुको भक्त, त्रेता युगमा रामको भक्त लक्ष्मण भएजस्तै । अनि आजसम्म हामी कसैको पनि ध्यान नपुगेको कुरा दुःशासनको अभिव्यक्तिमा, उनले एक ठाउँमा राय प्रकट गर्दै भनेका छन्, “हामी पाँच पाण्डवलाई किन आफ्नो कुटुम्बहरु मान्ने ? कुन्ती काकी र माद्री काकीले ककसको बिउबाट जन्माएका मान्छेहरु कसरी आफन्त भए ? उनीहरु गैर हुन् हाम्रा खानदानको लागि ।” दुःशासनको स्वर दबाइएको छ । देवत्वकरण र राक्षसीकरणमा मानिसहरु उहिल्यैदेखि पोख्त थिए । अब हेरौं ‘कृष्ण लिला’ हेर्दा भगवान नै मानिए पनि, चमत्कारहरु गरेर स्थापित भएका भए पनि उनले पाण्डवहरुलाई अन्धाकारमा राखे । ‘राधेय होइनन् कर्ण, जेष्ठ कौन्तय हुन्’ भन्न कसले रोक्यो त देवकीनन्दनलाई ? पाँच पाण्डवको सामुन्नेमा यो भेद खोलिदिएको भए उनको के जाने थियो ? यो पनि एक तर्क हो । त्यो चाहिँ कहानी लेख्ने अद्भूत दिमागवालाको चमत्कार हो ।



युद्ध पनि मानव सभ्यताको एक अभिन्न अंग रहेछ, परापूर्व कालदेखि नै । गलत कुराहरु पौराणिक इतिहासमा, असभ्य कुराहरु आधुनिक इतिहासमा, गुमराह, गुमराह, गुमराह, कलियुगे राम, मेरो साथी, सनराइजको ११ सूर्यहरु मध्येका एक सौम्य सूर्य रामजी अर्यालले ‘गुमराह’ शब्दलाई सही ‘राह’ देखाएर २०८० साल साउन ८ गते आफ्नो भित्तोमा, सामाजिक सन्जालमा लेखे । उनलाई पनि लाग्यो हामी सबै गुमराह भइरहेका छौं । वास्तवमा ‘धोका’ वा ‘गुमराह’ मानव जीवनमा सामान्य कुरा रहेछ । म पनि जीवनमा पटक-पटक गुमराह बनाइएँ । मान्छे चिन्न सकिएन । गुमराह भइयो । अति नजीक बनाउनु भनेको ठूलो जोखिम रहेछ । यही लेखमाथि कलम कुदाइरहेको बेलामा जागरणे अभियन्ता, बालसखा एक युवासहित गृह प्रवेश गरे । उनी अलि बेग्लै खालको आध्यात्मिक यात्रामा छन् । युवा विदुरलाई भनियो, “सम्पूर्ण पौराणिक कथाहरु काल्पनिक हुन् । यो धर्म र त्यो धर्म भनेर झगडा गर्नु अर्थहीन हो । मान्छेले, अन्तमा खोज्ने प्रेम र शान्ति हो । तर, पौराणिक कहानीहरु, थाहा पाउनुपर्छ । पाठ हुन्छ । मानवीय प्रवृत्तिको बयान मिल्छ ।

धार्मिक वा आध्यात्मिक मार्गले मान्छेहरुलाई आस्थादास बनाउने होइन, दिमागमा अन्धविश्वास भरिदिने मात्रै होइन, औसत मानिसहरु अन्धभक्त हुन्छन् । जेमा पनि अन्धभक्त हुन्छन् । समस्या तिनै चेतना शून्य, विवेकहीन अन्धभक्तहरुको मूढता हो । स्वाभिमानी नागरिक बनाउने हो, शिर ठाडो गरेर कर्मयोगी र इमान्दार बन्ने संस्कारयुक्त आम नागरिक भएमा, उनीहरुले आफ्नो अधिकार खोज्नेछन् र कर्तव्यबोध पनि गर्नेछन् । दायित्व बोधसहितको अधिकारको सदुपयोग भनेको बत्तीस लक्षणले युक्त छन्द कविताजस्तै छ । अब्बल र प्रभावकारी ‘शेर’ जस्तै हो । कर्तव्य पालना नगर्ने नालायक कामचोर नागरिकलाई अधिकार नदिए पनि फरक पर्दैन । समाजलाई धर्मले गुमराह गर्नुहुन्न । तर, बिडम्बना, राजनीतिभन्दा बढी

> हृदयभरी पुँजीवादको सपना बोकेर हिँडेका राता फूलहरु निर्लज्ज भएर आफूलाई ‘कम्युनिष्ट’ भन्छन् । कम्युनिष्ट शब्दको घोर अपमान नेपालमा जति अन्त भएको छैन । यता प्रजातन्त्रवादीहरु, यिनीहरुमा कहिल्यै योग्यता थिएन र यिनीहरुले प्रजातन्त्रको परिभाषा नै बुझेका छैनन् । सुम्निमाका सन्तानहरु अझ बढी गुमराह, अझै २०० वर्ष मानिसहरु गुमराह नै हुन्छन् ।

धर्मले आम मानिसहरुलाई गुमराह बनाइरहेको छ । त्यसमाथि स्वस्थानी परम्परा र भाग्यवाद हावी भएपछि, ‘लुतो माथि कोढ’ अर्थात् ‘एक तो करेली उपरसे नीम चढी’ धर्मभीरु अन्धविश्वासी भेडाहरुमाथि शासन गर्न सजिलो हुन्छ । ‘मोदी’ सफल हुनुको मूल कारण त्यही हो । यस्तो लाग्छ, यो एशिया महादेशमा मान्छे होइन, भेडाबाखाहरु नै बस्छन् । धर्म उन्मादीहरुको ताल देख्दा दिक्क लाग्छ । धर्मको मार्ग अनुशासन र गन्तव्य मानवकल्याण हो । अब आम नागरिकहरुलाई गुमराह बनाउने काम राजनीतिले जाँगर लगाएरै गरेको छ । कति गुमराह हुने ?

हृदयभरी पुँजीवादको सपना बोकेर हिँडेका राता फूलहरु निर्लज्ज भएर आफूलाई ‘कम्युनिष्ट’ भन्छन् । कम्युनिष्ट शब्दको घोर अपमान नेपालमा जति अन्त भएको छैन । सैद्धान्तिक कम्युनिष्टलाई म मान्दिन कम्युनिष्ट । धोका, धोका र धोका, अनुयायीहरु बनेका, त्यो पनि बलिको ! अब आयो कुरा तथाकथित् प्रजातन्त्रवादीहरु, यिनीहरुमा कहिल्यै योग्यता थिएन र यिनीहरुले प्रजातन्त्रको परिभाषा नै बुझेका छैनन् । सुम्निमाका सन्तानहरु अझ बढी गुमराह, अझै २०० वर्ष मानिसहरु गुमराह नै हुन्छन् । गुमराह हुनु हाम्रो स्थायी नियती हो । यस्तै लाग्छ । सत्य नभए हुन्थ्यो ।

# अमर : यादगर मुक्तकहरुको माला

पुस्तक-समिक्षा



■ प्रदीप सापकोटा

मुक्तक भन्नासाथ कविताको सानो रूप बुझिन्छ । मुक्तकले अत्यन्तै थोरै शब्दमा धेरै कुरालाई उजागर गर्दछ । यो अहिले साहित्यको स्वतन्त्र विधाको रूपमा लोकप्रिय छ । यसले भावलाई पोख्छ । यसमा चतुष्पदीय हरफ भित्र तुक प्रयोग गरेर पहिलो र दोस्रो हरफ लेखिन्छ भने तेस्रो हरफ स्वतन्त्र हुन्छ । अन्तिम हरफ पहिलो र दोस्रोसँग मिलेको हुनुपर्छ । कुनै पनि मुक्तकको पहिलो हरफले मुक्तकमा लेखिने विषयवस्तुको उठान गरेको हुन्छ, यसको समर्थनमा दोस्रो हरफ रहन्छ र तेस्रो हरफले स्वतन्त्ररूपमा मुक्तकको पृष्ठभूमि उजागर गर्छ र अन्त्यमा चौथो हरफले वजनदार झड्का दिन्छ । अन्त्यानुप्रास मिलेमा मात्र मुक्तक बन्छ । मुक्तकमा कमभन्दा कम शब्द प्रयोग गर्नु राम्रो मानिन्छ ।

दिलिप योञ्जन तामाङ गीत र मुक्तकमा जमेको नाम हो । उनका करिब एक दर्जन कृतिहरु प्रकाशित भैसकेका छन् । यस्तै कृतिमध्येको अमर मुक्तकसंग्रहभित्र दुई सय ६४ वटा मुक्तकहरु समेटेर प्रकाशनमा ल्याएका छन् । यसमा माया प्रेम, सम्बन्धका विषय अटेका छन् । दिलिपले कतै वर्तमान फोहोरी राजनीतिप्रति दिक्क भएर तिखो प्रहार गरेका छन् भने कतै वर्तमान समयको स्थार्थ, जालझेलको बारेमा बोलेका छन् । राष्ट्रियताको पक्षमा उनको दृढता पनि मुक्तकको विषय बनेको देखिन्छ । सर्वसाधारण आम मान्छेका पीडाको आगो ओकल्छन् । सर्वसाधारण मान्छेहरुलाई भ¥याङ्ग बनाएर सत्तारोहण गर्ने प्रयासरत नेताहरु सत्तासिन भएसँगै आफ्ना बाचावन्धन भुलेर स्वार्थको आहालमा पौडि खेलिरहेको यथार्थलाई उनले मुक्तकको विषय बनाएका छन् । पदासिन भएपनि विचारको ढर्रा पुरातन भएकैले जनताले दुःख खेपिरहेको यथार्थलाई सबै सामु राख्छन् उनी । पात्र जो कोही भएपनि परिपाटी, व्यवहार, आचरण र प्रवृत्ति उही भएकोले जनता मारमा परेको उनको ठम्याई छ । चुनावमा मात्र खोक्रा आश्वासन बाँड्ने नेपाली नेताहरुको फेरिएको बोली र व्यवहारले मुक्तककारलाई दिक्क बनाउँछ । सर्सर्ती हेर्दा दिलिपका मुक्तकहरु विषयगत विविधतामा देखिन्छन् ।

राष्ट्रियताको भावले ओतप्रोत मुक्तक हेरौं:

*तिमी टन्न अघाएको देख्दा, मलाई भोकै बस्न मन लाग्छ*
*तिमीले देश डुबाएको देख्दा,मेरो रगत उम्लँदै गाग्छ*
*सुन्दर मेरो देश लुछाचुँडी गरेर बाँड्यौ, चपायौ, पचायौ*
*देशको माटो बेच्नेलाई देख्दा, जिउँदै जलाउँझै भाग्छ*
*(पृष्ठ:६४)*

माथिको मुक्तकले देशलाई डुबाउनेहरूप्रति धावा बोलिएको छ । मनैदेखि आक्रोश व्यक्त गरिएको छ । मुक्तककार आफ्नो राष्ट्र र राष्ट्रियताप्रति संवेदनशिल रहेका छन् भन्ने संकेत गरेको छ । आफ्नो माटोको माया लाग्छ उनलाई । अरुको अपमान र घृणा सह्य गर्दैनन् । यति सुन्दर देश विकृत बनेकोमा उनलाई दुःख लाग्छ । दिलिप समसमायिक नेपाली परिवेश,राजनीति,विचारदर्शन,व्यक्तिका स्वार्थपना लगायतका विषयमा मुक्तक मार्फत व्यंग्य प्रहार गर्छन् ।

> दिलिप योञ्जन तामाङ गीत र मुक्तकमा जमेको नाम हो । उनका करिब एक दर्जन कृतिहरु प्रकाशित भइसकेका छन् । यस्तै कृतिमध्येको अमर मुक्तक संग्रहभित्र उनले दुई सय ६४ वटा मुक्तकहरु समेटेर प्रकाशनमा ल्याएका छन् । यसमा माया प्रेम, सम्बन्धका विषय अटेका छन् ।

कुर्सीमोहले देश बिग्रहको ठहर गर्छन् । भाषणले गरीबको पेट नभरिने कुरा गर्छन् । जनताको दुःखमा ध्यान नदिने प्रति कटाक्ष गर्छन् यसरी :

*खाली भाषण, देशको मुहार फेर्ने कोही छैन्*
*आफ्नो भुँडी छोडी जनतालाई टेर्ने कोही छैन्*
*भागवण्डा लाउँछन् कुर्सी खान बाँडीचुँडी*
*मरे जनता बाँच्ने आशमा, हेर्ने कोही छैन् । (पेजः ५७)*

यसरी प्रवृत्तिगत रूपमा भन्ने हो भने अमरमा समावेश प्रायः मुक्तकहरु व्यंग्य प्रधान देखिन्छन् । सामाजिक उत्तर दायित्ववाट कुनैपनि सचेत मान्छे पर भाग्न मिल्दैन् यसमा उक्त उत्तरदायित्ववोध गरेर विकृत मानसिकतामाथि चर्को प्रहार गर्छन् । विकासका पक्षधर मुक्तककारलाई नेपालको विकासे परिपाटीदेखि दिक्क लाग्छ । जलश्रोतको धनी मुलुक बिजुली अन्तबाट आयात गर्छ । अनि यहाँका बेथिति प्रति मन दुख्छ अनि पोखिन्छन दिलिप :

जुन देश जलको धनी,उसैले विजुली किन्छ
माटो र आमाको माया छैन्, कसरी देश चिन्छ
माटो,पानी बेचेर बाँचेपनि जिउँदै त्यो मरेसरी
आफ्नै स्वार्थ सर्वोपरी हुनेले, देशलाई के दिन्छ ?

मायाप्रीतिका प्रेमिल भाव, मायाप्रीतिका तरंगहरुलाई पनि उनलाई छुन्छ । प्रेम पीडा, प्रेममा पाइने फूलको महकता, प्रेम सम्बन्धमा छाउँने तुवाँलो, प्रेममा सम्मोहित भएको समय,प्रेमको अनुभूतिमा लछप्पै भिज्न रुचाउँछन् तामाङ । प्रेमविना संसार सम्भव थिएन उनको ठोकुवा छ । प्रेममा अल्झिएका उनी रोमान्टिक पनि लाग्छन् । प्रेमको विशालताको मापन गर्न मुस्किल पर्ने कुरामा सावधान पनि गराउँछन् । प्रेमविना मानिसको जीवन सहज नहुनेतर्फ पनि उनी सतर्क छन् । प्रेम नै सुख हो




भन्ने उनको अनुभूति छ । अनि उनी प्रेमसँग देशको माया जोड्न रुचि राख्छन् :

*फूलसरी फुल्नुपर्छ, सुवास छरी वरिपरि*
*मनभित्र सजाउनुपर्छ, सुवास छरी मनैभरि*
*चोखो माया पवित्र हुन्छ, रहन्छ बनी अमर*
*हाँसी खुशी बाँच्नुपर्छ, देशको माया गरी । (पेज ४६)*

कुनैपनि कुराले छोएपछि मात्र लेख्छन् दिलिप । विषयको गहिराईमा पुगेर कुनैपनि कुराको अनुभुतिले मात्र लेख्छन् । राजनीति, जनताका अभाव गरिबी, पीडा, प्रेम आदि विषयमा उनका मुक्तक छन् । राजनीतिक रूपमा चाँडो चाँडो परिवर्तन भएको देखेभोगेका उनी आर्थिकरूपमा गरिबी अभाव र भ्रष्टाचारको विपक्षमा उभिएका छन् । जनताको मनोव्यथालाई मुक्तकमा बोल्दछन् । उनका मुक्तकमा देश प्रेम पनि पोखिएको छ । युगबोधका दृष्टिले बलिष्ठ लाग्छन् ।

उनी आफ्ना मुक्तकहरुलाई लयात्मकताले पुष्ठ पार्न खप्पिस छन् । भाषिक शब्द चयनले मुक्तकमा मिठास भर्न सिपालु छन् । थोरै शब्दमा धेरै आशय व्यक्त गर्न सक्नु मुक्तकको विशेषता मानिन्छ । यो दृष्टिले उनका मुक्तक सार्थक लाग्छन् । समयचेतले सान्दर्भिक, राजनीतिक अस्तव्यस्तता प्रतिको तीखो छेडखान,मानविय भाव र संबेदनाले भरिपूर्ण उनका मुक्तकले निराशासँगै आशावादीताको संचार पनि गरेका छन् । सामयिकताको गोलचक्कर वरिपरि छन् मुक्तकहरु भन्दा फरक पर्दैन् ।

संरचनात्मक हिसावले उनको मुक्तक शिल्प राम्रो छ । भाषिक शिल्प राम्रो छ । कलात्मकताको लेपन आवश्यकताअनुसार भएको छ । चोटिला, स्वादिला मुक्तकले पाठकलाई स्वादन गराउन सक्छ । अनुभुतिलाई तिब्रतर रूपमा अभिव्यक्त गर्न मुक्तकहरु सफल देखिएका छन् । कुनैपनि मुक्तक झरिलो, खिरिलो, रसिलो र स्वादिलो हुनपर्छ । मुक्तक कलात्मक छोटा कविताको तस्विर भएकोले झट्ट हेर्नासाथ के भन्न खोजेको हो, के सन्देश दिन खोजेको हो प्रष्टताकासाथ सम्बोधन गर्न सक्ने हुनुपर्छ । चतुस्पदी मुक्तकको महत्वपूर्ण पक्ष हो । यी सबै हिसाबले दिलिपलाई अमर मुक्तक संग्रहले थप परिचित गराएको छ ।

समसामयिकताले छुन्छ उनलाई । मानवतावादी उनी कर्ममा विश्वास राख्ने कुरामा जोड दिन्छन् । थोत्रा र युग नसुहाउँदा संस्कृतिको विरुद्ध शंखघोष गर्छन् उनी । सिर्जनशिलतामा चासो र चिन्ता लिन्छन् उनी । यथार्थवादी उनी मनको हार्दिक भाव पोख्न सीपालु छन् । मीठो भावमा प्रस्तुत हुनसक्नु उनको विशेषता लाग्छ । व्यङ्गात्मक चेत भएका उनी सामाजिक उत्तरदायित्व र मानविय संवेदनाबाट नभाग्ने कुरा मुक्तकमा समेत छताछुल्ल भएको छ । समाजका हर क्षेत्रलाई आफ्ना मुक्तकका हरफहरुमा समेट्न सफल प्रयास गरेका छन् । मुक्तक आफैंमा पूर्ण हुन्छ यसमा शिर्षकको जरुरी पर्दैन । शब्द र विम्बहरुलाई अत्यन्तै सुन्दर रूपमा चयन गर्न सक्दा मुक्तक राम्रो हुने कुरामा शंका छैन् दिलीपले यस संग्रहमा यस्तै गरेका छन् । आवरणको कलाशिल्प पनि राम्रै छ । काव्यशिल्पका हिसावले सरल,मीठासयुक्त भएको आभास मुक्तक पढ्ने जो कोहीलाई हुन्छ ।

अन्त्यमा, लाग्छ दुनियाँमा कुनैपनि कुरा आफैंमा पूर्ण हुँदैन । यसैले कुनैपनि सर्जकको सृजना आफैंमा पूर्ण नहुनपनि सक्छ दिलीपको सन्दर्भमा पनि त्यहि कुरा लागू हुन्छ । तर पनि मुक्तक अक्करिला लागेका छन् मलाई । यादगर र मन पसंद छन् । त्यसैले यति लेख्ने धृष्टता गरें । नेपाली साहित्यको फूलवारीमा उनले अझै भरपूर मुक्तकरूपी फूलहरु रोप्दै जाउन शुभकामना ।

इमेल : psmile333@gmail.com

## कविता

### ब्राह्मण धर्म !




बलराम तिमिल्सिना

एक्काइस एक्काइस पटक
क्षेत्रीयहरू समेतको कत्लेआम गरेर
बाबुको आदेशमा
आफ्नै आमा समेतको हत्या गरेर
कत्रो दुःखले
स्थापना गरेको हो
यो ब्राह्मण धर्म
यो पुरुष धर्म
भन्नलाई कसैले हिन्दू धर्म किन नभनोस्
हिन्दू धर्म भन्दै बढी फाइदा छ
भनुन लाटाहरूले हिन्दू धर्म नै भनुन ।
कुन वेद लेखेको छ क्षेत्रीले ?
कुन पुराण लेखेको छ वैश्यले ?
कुन उपनिषद लेखेको छ शूद्रले ?
धर्मको व्याख्या,
धर्मको ठेक्का
र धर्मको रक्षा
कुन जातले गरेको छ आजसम्म ?
जसको हातले लेख्यो
उसैको हीतमा लेख्यो
जुन जातले लेख्यो
उसैको मनले लेख्यो
कस्तो मिलाएर लेखेको छ हेरौं त
सबैभन्दा सिरानमा आफू
आफूभन्दा तल तर नजिकै क्षेत्री
क्षेत्रीभन्दा तल वैश्य
र सबैभन्दा पुछारमा शूद्र
ब्राह्मण बाहेकको हातले लेखेको भए
के यसरी लेख्ने सम्भव थियो ?
यस्तो काइदाको मान्यता
ब्राह्मण मान्यता नभएर अरु हुन सक्ला ?
सम्भवै छैन नि !
भन्नेहरू हिन्दु धर्म भनेर अल्मलियुन
झगडै गरून
कुस्ती नै खेलुन
झन मज्जा भएन त
फाइदै फाइदा
आहा क्या काइदा !
क्षेत्रीयहरू खै तिम्रो धर्म ?
वैश्यहरू खै तिमीहरूको धर्म ?
अनि शूद्रहरू तिमीहरूको धर्म खोइ नि ?
जे कुरालाई तिमीहरू धर्म भनिरहेका छौ
त्यो कुरा धर्म नै हो त ?
तिम्रो पनि हो त ?
म त भन्छु-
सके मानिसहरू धर्मबाट मुक्त होऊन
सक्दैनौ भने
आफ्नो आफ्नो धर्म मान
ब्राह्मण धर्मलाई
मेरो पनि धर्म हो भनेर
ब्राह्मण बाहेककाहरूले
पैँचोमा धर्म मान्न आवश्यक छैन ।

## तपाईको राशिफल

मेष : सबै कार्यहरुमा सावधानी राख्नुपर्छ । प्रसिद्धिमा वृद्धि हुनेछ ।
वृष : व्यापारिक कार्यहरुमा राम्रो लाभ हुनेछ । शैक्षिक प्रगति हुनेछ ।
मिथुन : आध्यात्मिक कार्यमा रुचि बढ्नेछ । योजनाहरु तय हुनेछन् ।
कर्कट : अनावश्यक इच्छामाथि नियन्त्रण राख्नुहोला । वाहन सावधानी जरुरी देखिन्छ ।
सिंह : आहारमा ध्यान दिनुपर्ने देखिन्छ । परिश्रमबाट सफलता मिल्नेछ ।
कन्या : यश बढ्ने योग छ । अनावश्यक जिम्मेवारी लिनु हुँदैन ।
तुला : स्वास्थ्य राम्रो रहनेछ । नयाँ कार्यमा सावधानी राख्नुहोला ।
वृश्चिक : राजनैतिक कार्य सफल हुनेछ । सम्मानमा वृद्धि हुनेछ ।
धनु : कुनै पनि कार्यमा हतार नगर्नु होला । स्वास्थ्यमाथि ध्यान दिनुहोला ।
मकर : धार्मिक कार्यमा सहभागिता बढ्नेछ । विनम्रतापूर्वक कार्य गर्न राम्रो हुनेछ ।
कुम्भ : वाहन सावधानी राख्नुहोला । राजनैतिक सहयोग प्राप्त हुनेछ ।
मीन : जनसम्पर्कमा वृद्धि हुनेछ । स्वास्थ्य राम्रो रहनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# चियानी नाइजरको नयाँ नेता घोषित



काठमाडौं/एजेन्सी- नाइजरको प्रेसिडेन्सियल गार्डका नेता जनरल अब्दुरहामाने चियानीलाई 'नेसनल काउन्सिल फर द सेफगार्ड अफ द होमल्याण्ड'को अध्यक्ष नियुक्त गरिएको सरकारी टेलिभिजनले शुक्रबार जनाएको छ ।

देशको रक्षा तथा सुरक्षा बल (एफडीएस)ले बुधबार सरकारी टेलिभिजनमा प्रसारित एक प्रेस विज्ञप्तिमार्फत राष्ट्रपति मोहम्मद बाजुमलाई अपदस्त गरेको जानकारी गराएको थियो । सेनाको एक टोलीले राष्ट्रिय टेलिभिजनबाट विद्रोहको घोषणा गर्दै राष्ट्रपतिलाई अपदस्त गरेको हो । सैन्य टोलीले राष्ट्रपति मोहम्मद बाजुमलाई बुधबार बिहानैदेखि सेनाले नियन्त्रणमा लिएको र देशको संविधान विघटनका साथै सबै संस्था निलम्बन गरिएको घोषणा पनि गरेको छ ।

एफडीएस र नेसनल काउन्सिल फर द सेफगार्ड अफ द होमल्याण्डका सदस्य कर्णेल मेजर अमादोउ अब्द्रामानेले भने, 'देशको सुरक्षा स्थितिको निरन्तर खस्कँदो अवस्था, कमजोर आर्थिक र सामाजिक प्रशासनका कारण यो कदम लिइएको हो ।'

यसैबीच फ्रान्सले पश्चिम अफ्रिकी मुलुक नाइजरमा बुधबार राति भएको सैनिक विद्रोह अन्तिम नभएको उल्लेख गर्दै त्यसमा सैन्य अधिकारीहरूको समर्थन भएकाले सत्ता विप्लवमा लागेकाले जितेको बताएको छ । नाइजरलाई उपनिवेश बनाएको फ्रान्सले वर्तमान परिस्थितिको विश्लेषण गर्दै सैन्य विद्रोहलाई अन्तिम मान्न नसकिने बताएको हो । सबै सैन्य अधिकारी एकताबद्ध नरहेका संकेत गर्दै फ्रान्सेली विदेशमन्त्री क्याथरिन कोलोनाले उक्त कुरा बताएका हुन् ।

सेनाको एक टोलीले राष्ट्रिय टेलिभिजनबाट विद्रोहको घोषणा गर्दै राष्ट्रपतिलाई अपदस्त गरेको दाबी गरेको छ । सैन्य टोलीले राष्ट्रपति मोहम्मद बाजुमलाई बुधबार बिहानैदेखि सेनाले नियन्त्रणमा लिएको छ भने देशको संविधान विघटनका साथै सबै संस्था निलम्बन गरिएको घोषणा पनि गरेको छ ।

फ्रान्सेली विदेशमन्त्रीले सैनिक घेरामा राष्ट्रपति निवासमा रहेका राष्ट्रपति बाजुमसँग राष्ट्रपति इम्यानुएल म्याक्रोंले टेलिफोन वार्ता गरेको जानकारी दिँदै बन्दी बनाइएका राष्ट्रपति स्वस्थ रहेको बताएका छन् । 'नाइजर राष्ट्रपतिसँग सम्पर्क कायम गर्न सकिन्छ, उहाँ अगम्य हुनुहुन्न,' उनले भनेका छन् ।

अफ्रिकी तथा अन्य अन्तरराष्ट्रिय संस्था, नाइजरका सहयोगी जर्मनी संयुक्त राज्य अमेरिका, युरोपेली संघ, फ्रान्सलगायत देशका साथै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सैन्य विद्रोहको निन्दा गर्दै राष्ट्रपति बाजुमलाई अविलम्ब रिहा गर्न आह्वान गरेका छन् ।

सैनिक घेरामा रहेका नाइजरका राष्ट्रपति मोहम्मद बाजुमले ठूलो संघर्षबाट प्राप्त लोकतन्त्रलाई जोगाउने प्रतिबद्धता व्यक्त गरेका छन् । सामाजिक सञ्जालमार्फत उनले प्रजातन्त्र र स्वतन्त्रताका पक्षधर सबै नाइजसवासी आफ्नो पक्षमा रहेका बताएका हुन् । उनले लोकतन्त्रका निम्ति साहसपूर्वक लड्ने दृढता पनि व्यक्त गरेका हुन् ।

नाइजरका विदेश मन्त्री हसौमी मसदुउले देशको वैध शक्ति निर्वाचित राष्ट्रपति भएकाले विद्रोहमा उत्रेका सबै सिपाहीलाई काममा फर्कन र वार्ताका माध्यमबाट समस्याको निकास खोज्नुपर्नेमा जोड दिएका छन् । उनले गणतन्त्रको विपक्षमा जान नसकिने पनि स्पष्ट गरेका छन् ।

भूपरिवेष्टित राष्ट्र नाइजर विश्वकै निर्धनतम राष्ट्रमध्येको एक हो । सन् १९६० मा फ्रान्सबाट स्वतन्त्र भएपछि चारपटक यस्ता विद्रोह भइसकेका छन् । राष्ट्रपति बाजुमविरुद्ध पनि दुई पटक विद्रोह भएको छ ।

## बेलायतले आप्रवासी शरणार्थीलाई पालमा राख्ने

काठमाडौं/एजेन्सी- बेलायत सरकारले आगामी महिनाहरूमा च्यानल पार गर्ने साना डुंगाहरुको संख्या बढ्न नदिन आप्रवासीहरूलाई पालमा राख्ने योजना बनाएको बेलायती सञ्चारमाध्यमहरूले शुक्रबार जनाएका छन् ।

बेलायतको गृह मन्त्रालयले दुई हजार आप्रवासीलाई राख्न सक्ने पाल खरिद गरेको र अगष्टको अन्त्यसम्म अप्रयुक्त सैन्य स्थलमा टेन्ट निर्माण गर्ने योजना बनाएको बेलायती सञ्चारमाध्यमहरूले जनाएका छन् ।

गत ग्रीष्म ऋतुको अन्त्यतिर दक्षिणपूर्वी इंग्ल्यान्डको किनारमा आउनेहरूको संख्यामा वृद्धि भएपछि व्यवस्थापनका लागि सरकार तयार नभएको भन्दै सरकारी अधिकारीको आलोचना भएको थियो । द टाइम्सका अनुसार कथित टेन्ट योजनाले यसको पङ्क्तिभित्र बेचैनी पैदा गरेको छ । यद्यपि, यसमा केही अधिकारीहरूले यसको प्रयोगलाई एकाग्रता शिविरहरूसँग तुलना गरेका थिए । उच्च अदालतले गृह मन्त्रालयद्वारा सञ्चालित होटलको 'व्यवस्थित र नियमित' लामो समयसम्म प्रयोग गरेर एक्लो आप्रवासी बालबालिकालाई राख्न प्रयोग गर्नु 'गैरकानूनी' भएको फैसला सुनाएको एक दिनपछि पनि यी रिपोर्टहरू आएका हुन् ।

क्रस-च्यानल आप्रवासी आगमनमा वृद्धिले युके सरकारको स्रोतहरू विस्तार गरेको छ र उनीहरूको उपचारमा उग्र राजनीतिक कटुता निम्त्याएको छ ।

### कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०४/१३**

**दिस्त्री कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०८०/०१/३० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अष्टकाली कन्ट्रयाक्टर एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं.: २८०३३९)** साथै साविक ठेगाना परिवर्तन गरी **चन्द्रागिरी नगरपालिका-१३, काठमाडौं** कायम गर्ने गरी मिति २०८०/०३/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/१२/१८ मा दर्ता भएको **प्रा.लि. नं. ७१८३२** को **ल्याङ्गवेज एण्ड टिचर ट्रेनिङ्ग सेन्टर प्रा.लि. Language & Teacher Training Centre (Pvt. Ltd.)** को मिति २०८०/०४/११ को एकल बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

### कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **सिद्धार्थ बुद्ध ओभरसिज प्रा. लि.** श्रम इजाजत पत्र न. १८३/०५७/०५८ मा मिति २०७९/०३/२२ गतेमा बजार व्यवस्थापन कामको लागि नियुक्त भएका श्री राज कुमार गुरुङ्ग स्थायी ठेगाना देवदह ६, रुपन्देही नागरिकता प्रमाण पत्र नं. १९५२१, सवारी साधन प्रमाणपत्र नं. ०१-०६-०००२०९९६ लाई मिति २०८०/०४/१२ गते बाट पद मुक्त गरी सम्पूर्ण जिम्मेवारीबाट हाईएकोले निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सिद्धार्थ बुद्ध ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. १८३।०५७।०५८
पो. ब.न. १४१५०, महाराजगञ्ज (इन्द्रेणी फुडल्याण्ड पछाडी), काठमाडौं, नेपाल
फोनः ४७२१३९४, ४७२१३९५, मो.: ९८४१७६६२४२, ९८१३५९५४४६,

### QATAR मा रोजगार | कम्पनी: DUBAI MAINTENANCE
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०८०/०४/१० | चलानी नं.:६०२०५२८५ | LT. No.: 289929

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० साउन २० गते (5 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सद्रग राख्नुहोला । ६. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**डिभाईन इन्साईट ओभरसिज प्रा. लि.**
धुम्बाराही (टेनिस्कोर्ट पछाडी), (श्रम इजाजत नं. ९६४/०६७/०६८)
फोन: ०१-४३७१५९, निरन्जन:९८४३४१७७१४, हरि: ९८०३१०१६५७

### कतारमा रोजगारको अवसर | कम्पनी: GENTING SERVICES & CONTRACTING W.L.L
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०८०/०४/११ | चलानी नं.: ६०२०५२८७ | LT. No.: 290004

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant Executive | 16 | 0 | स. काममा दक्ष | 5100 | १८३१४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Admin Manager | 1 | 0 | | 6500 | २३३४१५ | | | | | | | |
| 3. | Administrative Supervisor | 1 | 0 | | 4500 | १६१५९५ | | | | | | | |
| 4. | Cashier | 0 | 4 | | 1500 | ५३८६५ | | | | | | | |
| 5. | Driver | 5 | 0 | | 1700 | ६१०४७ | | | | | | | |
| 6. | Dry Clean Worker | 0 | 7 | | 1100 | ३९५०१ | | | | | | | |
| 7. | Electric | 1 | 0 | | 1300 | ४६६८३ | | | | | | | |
| 8. | Engineer All Specializations | 3 | 0 | | 5000 | १७९५५० | | | | | | | |
| 9. | Executive Sales | 2 | 0 | | 2100 | ७५४११ | | | | | | | |
| 10. | Foreman | 26 | 0 | | 2500 | ८९७७५ | | | | | | | |
| 11. | General Clean Worker | 2 | 7 | | 1000 | ३५९१० | | | | | | | |
| 12. | General Supervisior | 1 | 0 | | 4100 | १४७२३१ | | | | | | | |
| 13. | Labour | 4 | 0 | | 1000 | ३५९१० | | | | | | | |
| 14. | Mason | 2 | 0 | | 1300 | ४६६८३ | | | | | | | |
| 15. | Receptionist | 0 | 2 | | 1300 | ४६६८३ | | | | | | | |
| 16. | Representative | 20 | 0 | | 2500 | ८९७७५ | | | | | | | |
| 17. | Salesman | 8 | 0 | | 1300 | ४६६८३ | | | | | | | |
| 18. | Supervisior | 9 | 0 | | 3500 | १२५६८५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २० गते (5 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Excellent Manpower Services Pvt. Ltd.**
Gov. Lic No. 1328/074/075
साविक: (AL SUJIT MANPOWER PVT. LTD.)
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com

### साउदीमा रोजगार | कम्पनी : FIRST GULF FOR MAINTENANCE AND CLEANING
शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०८०/०४/१२ | चलानी नं.: ६०२०५२९४ | LT. No.:290051

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २० गते (5 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**गौरी शंकर ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ५५८/०६२/०६३
चण्डोल-४, काठमाडौं, नेपाल, फोन: ४४१८३५३, ४४१८३०३
E-mail : info@gsoverseas.com.np, Web.: www.gsoverseas.com.np

### साउदीमा रोजगार | कम्पनी : SABER GLASS FACTORY
शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०८०/०४/१२ | चलानी नं.: ६०२०५२९७ | LT. No.: 290079

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Glass Installer | 4 | 0 | स. काममा दक्ष | 1200 | ४१,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन २० गते (5 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**गोल्डेन इगल मेनपावर प्रा. लि.**
श्रम ईजाजत नं.: ३९१/०५९/०६०
भिमसिन्गोला-९, काठमाडौं, नेपाल, फोन: ४४६५०९२, ४४७८०२९, ४४८६९४१
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com
ISO 9001:2000

### UAE मा रोजगार | कम्पनी: POWER CLEANING SERVICES & BUILDING MAINTENANCE (L.L.C.)
शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/०८/२४ | चलानी नं.: ६०१७०११४ | L.T. No.: 253551 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 10 | 82 | स. काममा दक्ष | 900 | ३२,०४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० साउन २० गते (5 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com
Mobile: 9849835502, 9818106406, 9813571379
Chitwan Contact No: 9865087111 Ithari Contact No: 9851060167

### साउदीमा रोजगार | कम्पनी: DISTANCE DIMENSIONS CONTRACTING COMPANY IS A ONE PERSON COMPANY
शहर: Saudi Arabia, Riyadh

पुर्व स्वीकृत मिति: २०७९/११/२८ | चलानी नं.: ६०१९७९८२ | L.T. No.:282460 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २१ गते (6 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

### साउदीमा रोजगारको अवसर | १. कम्पनी: SHARIKAT HULUL SHABAKAT ALMURAFIQ LILMUQAWALAT BRANCH
शहर: SAUDI ARABIA

पूर्व स्वीकृत मिति: २०८०/०४/१२ | चलानी नं.: ६०२०५२९६ | L.T. No.: 290050

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २० गते (5 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**अन्जुलिमा इन्टरनेशनल प्रा. लि.**
ANJULIMA INT'L People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ०१-४५७३१००, ४५७३३००,
फ्याक्स: ४४७२६०० Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com

### कतारमा रोजगार | कम्पनी: AL NOAIMI AGRICULTURE IRRIGATION SERVICES
शहर: DOHA

पुर्व स्वीकृत मिति: २०८०/०४/१२ | चलानी नं.:६०२०५२८८ | LT. No.: 289973

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 13 | 0 | स. काममा दक्ष | 1000 | ३५,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

### यूएईमा रोजगार | कम्पनी: MAISALOON STAR FACILITIES MANAGEMENT L.C.C.
शहर: UAE

पुर्व स्वीकृत मिति:२०८०/०४/१२ | चलानी नं.: ६०२०५२८९ | LT. No.: 290019

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Public Building Cleaner/cleaner | 150 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,०४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Public Building Cleaner/cleaner | 0 | 50 | | 1000 | ३५,६१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन २० गते (5 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :984238673, 9801081253, 9801081255, 9801081252, 9851094766, 9801081247, 9823187308, 9827934073

### कतारमा रोजगार | कम्पनी: EVERSENDAI ENGINEERING QATAR WLL
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०८०/०४/१२ | चलानी नं.: ६०२०५३०७ | LT. No.: 290159

